साप्ताहिक
# गोरखा एक्सप्रेस
गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np
GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका
वर्ष ४३ अंक ३७ २०८२ वैशाख ९ गते मंगलबार (Apr. 22, 2025) मूल्य रू. १०/-

## शिक्षकमाथि गणतन्त्रको अत्याचार

धेरै शिक्षक पार्टीको कार्यकर्ता बन्दा गणतन्त्रे सरकारले सडकमा सुतायो ।




## राजनीति चौबाटोमा


डा. केशव देवकोटा

राजनीतिक परिवर्तनका मुख्यत तीनवटा बाटाहरू देखिएका छन् । एकथरी यथास्थितिवादीहरू बिद्यमान बुर्जुवा गणतन्त्र (माओवादी नेता पुष्पकमल दाहालका शब्दमा) को पक्षमा रहेका छन् भने अर्कोथरी संवैधानिक राजतन्त्रसहितको बहुदलीय संसदीय व्यवस्थाको पक्षमा रहेका छन् । तेश्रोथरीले जनगणतन्त्रको कुरा उठाएका छन् । राजावादी र बुर्जुवा गणतन्त्रवादी बीचको रस्साकस्सी तेज भएपछि जनगणतन्त्रको




नारा मत्थर भएको देखिएको छ । नेकां, एमाले र माओवादी केन्द्रलगायतका बिचौलिया पार्टीहरू जनगणतन्त्रको पक्षमा नरहेको स्पष्ट छ भने राजतन्त्रसहितको बुहदलीय संसदीय व्यवस्था कि संघीयतासहितको गणतन्त्रभन्ने कुरामा उनीहरू द्विबिधामा रहेको देखिएको छ । विदेशीहरू खासगरी भारतीय हस्तक्षेपबाट ०४६ सालको राजनीतिक परिवर्तन भएको थियो । तत्कालीन राजा वीरेन्द्र आफैले संवैधानिक राजतन्त्र सहितको बहुदलीय संसदीय व्यवस्था स्थापना गरेका कारण राजावादीहरू त्यसलाई स्वीकार गर्न बाध्य छन् । ०४६ को राजनीतिक परिवर्तनपछि नेकां र एमाले सहितका संसदवादी दलहरूले ०४७ को संविधान घोषणा गरेका र त्यसलाई त्यतिबेला उत्कृष्ट संविधान समेत भनिएका कारण उनीहरू पुरानै अवस्थामा फर्कनसक्ने संभावना पनि छ । माओवादी केन्द्र र त्यसमा पनि सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालले ०६२ मंसिर सात गते नेपालका सात संसदवादी दलहरूसँग १२ बुँदे सहमति गर्ने बहानामा भारतको नयाँ दिल्लीमा जनयुद्ध बिसर्जन गरेका कारण सो दल फेरी जनयुद्ध र जन गणतन्त्रमा जाने कुनै संभावना छैन । (बिस्तृत पृष्ठ २ मा)

# भ्रष्टाचारको डरलाग्दो काण्ड

ऋण चीनको एक्जिम बैंकबाट लिएर चीनकै ठेकेदारमार्फत निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा डरलाग्दो भ्रष्टाचारकाण्डको पर्दाफास भएको छ । खरिद ऐनविपरीत भेरियसन कार्यका नाममा ६ अर्ब ५६ करोड, कर छुट २ अर्ब २२ करोड फिर्ता, छिनेडाँडा कटानमा कागज मिलाएर थप ३२ करोड भुक्तानलगायतमा भ्रष्टाचार गरेको सार्वजनिक लेखा समितिले रिपोर्ट दिएको छ । रिपोर्टमा सम्भाव्यता अध्ययनदेखि निर्माण सम्पन्न हुँदासम्मका नीतिगत, प्रक्रियागत र कार्यान्वयन गेर्ने पदाधिकारी सबैमाथि छानबिन र कारवाही गर्नुपर्ने सिफारिस भएको छ । तर सरकारले यसबारेमा मुख खोलेको छैन ।

ऋण लिनेदेखि निर्माण प्रकृयामा संलग्न राजनीतिक नेताहरूको नाम रिपोर्टमा उल्लेख गरिएको छैन । यो विमानस्थल सुरूमा १४५ मिलियन डलरको लागत मूल्य भए तापनि नेपाली पदाधिकारी र राजनीतिक स्वार्थमा ७९ मिलियन डलर लागत बृद्धि गरेर चिनियाँ कम्पनी सीएएमसी इन्जिनियरिङलाई ठेक्का दिइएको थियो । ठेक्का दिनेदेखि, ऋण लिने, माटो काट्ने, माटो पुर्नेदेखि अनेक बहानामा भ्रष्टाचार भएको किटान गरिएको छ । विमानस्थल सञ्चालन गर्न भारतसँग रूट नै नलिई भ्रष्टाचारमा मात्र ध्यान दिंदा पोखरा विमानस्थल चलाउन सकिएको छैन । ऋण, ब्याज र अनेक झमेलाका कारण यो विमानस्थल भार बनेको छ ।

पोखरा विमानस्थल निर्माणमा १० अर्ब भ्रष्टाचार गरिएको काण्ड गनाइरहेका बेलामा निजगड विमानस्थल निर्माण गर्नुपर्ने भनेर भित्रभित्रै दलालहरू सकृय बनेका छन् ।

पोखरा विमानस्थल निर्माणको छानबिन गर्ने लेखा समितिको उपसमितिमा राप्रपाका राजेन्द्र लिंगदेन, कांग्रेसका अर्जुननरसिंह केसी, माओवादीका जनार्दन शर्मा तथा अमनलाल मोदी र एकीकृत समाजवादीका प्रेम आलेसमेत रहेका थिए । एमालेका गोकुलप्रसाद बाँस्कोटा र तारा लामा तामाङ, कांग्रेसका दीपक गिरी, रामकृष्ण यादव र देवप्रसाद तिमल्सेना समितिमा भए पनि यो घोटालाबारेमा मौन रहनुलाई रहस्यमय मानिएको छ । यद्यपि जो मौन छन्, उनीहरू कुनै




न कुनै भ्रष्टाचार काण्डमा मुछिएका सांसदहरू हुन् । कुनै सदस्य सांसदले सही गरे वा नगरे पनि रिपोर्ट आइसकेकाले लेखा समितिले सरकारलाई निष्पक्ष न्यायिक छानबिनका लागि दबाब दिनुपर्छ ।

हुन त वाइडबडी काण्ड होस् कि बालुवाटार अथवा बुढी गण्डकीमा ३-३ अर्ब तीन बडे नेताले घूस खाएको पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईकै दावी होस्, अथवा सुन काण्ड र अन्य काण्डहरू हुन्, गणतन्त्रवादी हुँ भन्ने नेताहरूले सबै काण्डहरू छोपछाप पार्दै आएका छन् । सत्य के हो भने फोहरलाई राजनीतिक प्रभाव र सत्ताको बलमा जति छोपे पनि जनमानसमा गन्दकी फैलिरहेकै छ । आमनागरिकले नाक खुम्च्याइरहेकै छ ।

प्रतिवेदनले अनुसन्धान र कारबाहीको सिफारिस गर्छ, राज्यले हानीनोक्सानी हुने कुनै काण्ड पनि अनुसन्धान र छानबिन गराउने गरेको छैन । पोखरा विमानस्थल निर्माणमा खिलराज रेग्मी नेतृत्वको सरकारदेखि ठूला पार्टीका ठूला नेता सबै मुछिएका छन् । कर्मचारीलाई मात्र फसाउने नियत देखिए पनि राजनीतिक नेता तथा सरकारमा रहेका मन्त्रीको आदेश र इच्छा बिपरित कर्मचारीले मात्र भ्रष्टाचार गर्नसक्ने होइनन् । यसकारण छानिबन व्यापक हुनुपर्ने देखिन्छ । यो छानबिन हुनु पूर्व नै दर्जनौं उजुरी अख्तियारमा परेका थिए, अख्तियारले राजनीतिक दबाबकै कारण छानबिन नगरेको बुझ्न सकिन्छ, अहिलेको संसदीय प्रतिवेदनले पनि कानुनी, प्राविधिक, आर्थिक, वातावरणीय तथा प्राविधिक अनियमिततामा अख्तियारले छानबिन गर्नुपर्ने भनेको छ । महालेखाको ६०औं वार्षिक प्रतिवेदनमा पनि भ्रष्टाचारमा छानबिन गर्न भनिएको थियो । तर महालेखाका प्रतिवेदनलाई सरकारले थन्क्याउने गरेको छ । अख्तियार र सम्पत्ति शुद्धीकरण विभाग समेत राजनीतिक निकाय बनेका छन् ।

यो भ्रष्टाचारमा पनि छानबिन, कसैलाई दण्डसजाय नभए नेपालको गणतन्त्र भ्रष्टाचारको दलदलमा भासिने छ भन्छन् विश्लेषकहरू । गणतन्त्र भ्रष्टाचारी शासन नै हो त ? के हो गणतन्त्र ?

## सिंहदरवारभित्रै राजतन्त्र जिन्दावाद



वैशाख ७ गतेको निषेधित क्षेत्र तोड्ने घोषणासहितको राप्रपाको आन्दोलनमा राज्यले सुरक्षा प्रवन्ध गऱ्यो, राप्रपाका नेताहरूलाई पक्राउ गऱ्यो, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन र ज्ञानबहादुर शाहीले सिंहदरवारभित्रै प्रहरीलाई चक्मा दिएर राजसंस्थाको जिन्दावाद भनेर राजतन्त्रसहितको व्यवस्थाको माग गरेका छन् । प्रहरीको घेरा र पक्राउबाट उम्कन सफल भएका सांसद दीपक सिंहले फेरि बिजुलीबजार र माइतीघर पुगेर आन्दोलनको नेतृत्व गर्दै ओली सरकारलाई पक्राउ त के गोली खान तैयार छौं भन्दै राजतन्त्रको माग गरेका थिए ।

ओली सरकारको गृह प्रशासनल 'संविधान र कानूनको ठाडो उल्लंघन गर्न प्रोत्साहित गर्ने र समाजमा अराजकता फैलाउने कुनै पनि गतिविधि सह्य नहुने' विज्ञप्ति निकाले पनि राप्रपाले सांकेतिक प्रदर्शन गरेर त्यसलाई तोडिदिएको छ ।

पक्राउ परेका अध्यक्ष राजेन्द्र लिङदेन, बुद्धिमान तामाङ, ज्ञानेन्द्र शाही, कैलाश कटुवाल, सरोज क्षेत्री, अमर आर्य सहितका नेताहरू रिहा गरिएका छन् भने थुनामा रहेका धवल शमशेरलाई हाजिरी जमानीमा रिहा गरिएको छ ।

## ओली, देउवा र प्रचण्डको दलतन्त्र




खुस्बु ओली, राप्रपाकी नेतृ । उनले यो पद्धतिलाई देउवा र प्रचण्डको मात्र चल्ने भएकाले नेताको दलालतन्त्र हाबी भयो भनेर ७ गतेको निषेधित क्षेत्र तोड्ने राप्रपाको आन्दोलनमा बताइन् ।

खुस्बुले वाक स्वतन्त्रता छ भनिन्छ, बोलेकै आरोपमा जेल हाल्नु भनेको दासत्व हो भन्दै बोल्दा राज्य विरूद्धको अपराध लगाउने काम स्वीकार्न सकिदैन, राप्रपाले स्वीकार गर्दैन भनेकी छिन् ।

वैशाख ७ को आन्दोलनमा सहभागी भएकी नेतृ ओलीले राज्यले जनताको बोल्ने अधिकारलाई निषेध गरिराखेको छ, यो प्रदर्शन वाक स्वतन्त्रताका लागि हो भनिन् । यो गणतन्त्र हुँदै होइन । दलतन्त्र, दलालतन्त्र हो, यो लडाई राप्रपाको मात्र होइन । जनताको समस्या समाधानको लागि हो । संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको लागि हो भनिन् ।

## नेपाली सेनाको संविधान प्रदत्त जिम्मेवारी


ध्रुवहरि अधिकारी

बैशाख ६, २०८२

एक महिना पहिले (६ चैत्र २०८१) जङ्गी अड्डाबाट 'नेपाली सेनाको अनुरोध' सार्वजनिक भएको थियो ।

दुईवटा अनुच्छेदमा गरी जम्मा तीनटा वाक्यको त्यस 'अनुरोध' वक्तव्यको पहिलो वाक्य यस्तो छः- 'नेपालको स्वतन्त्रता,सार्वभौमसत्ता,भौगोलिक अखण्डता त राष्ट्रिय एकताको लागि संविधानप्रदत्त जिम्मेवारीहरू पूरा गर्न नेपाली सेना सदैव कटिबद्ध रहेको छ ।'

दोस्रो वाक्यले सेना र यसको भूमिकाबारे हालै प्रेसमा आएका कुराहरूले अन्योल र अनिश्चय उत्पन्न नहोस् भनेर त्यसलाई सम्बोधन गर्न खोजेको स्पष्ट हुन्छ । यसरी जन-आवाजको संज्ञान लिनु तारिफयोग्य कुरो हो ।

दोस्रो अनुच्छेदमा राखिएको तेस्रो वाक्यबाट सेना विषयको जानकारी 'जनसम्पर्क तथा सूचना निर्देशनालय' बाट लिएर मात्र ' यथार्थपरक सूचनाहरू' सम्प्रेषण गरिदिनु हुन भनेर समाचारमाध्यमहरूलाई अनुरोध गरेको देखिन्छ । यस कथनको दोहोरो अर्थ निस्कन्छः १) यतिञ्जेल प्रेसले 'यथार्थपरक' जानकारीहरू प्रवाहित गरिरहेको थिएन, २) तथ्यपरक सूचनाहरू जनसमक्ष पु-याउने काममा प्रेसको भूमिका निरन्तर कायम रहने अपेक्षा ।

सेनाको यो वक्तव्य राजसंस्थाका पक्षधरहरू फागुन ७ गतेको ज्ञानेन्द्र शाहको सन्देश र फागुन २५ गते त्रिभुवन विमानस्थलको स्वागत कार्यक्रमबाट उत्साहित भएपछिका प्रेस-चर्चाले गम्भीर भएको गठवन्धन सरकारको आग्रहमा जारी भएको अनुमान गर्न सकिन्छ । किनभने सेनाले यसप्रकार सार्वजनिक रूपमा संविधानप्रति वचनबद्धता जनाइदिएपछि सिंहदरबारको सरकार भद्रकालीनेर मुख्यालय भएको नेपाली सेनाको सहयोगबारे आश्वस्त भएको हुनुपर्छ ।

विशिष्ट परिस्थिति :

तर यस संक्षिप्त वक्तव्यलाई सर्सर्ती पढेर मात्र पुग्दैन । किनभने सामान्य स्थितिमा यसप्रकारको वक्तव्य सेनाबाट निस्कँदैन । विशिष्ट वा असामान्य परिस्थिति आएको वा आउन सक्ने निक्यौंलमा पुगेर मात्र सैनिक नेतृत्वले यस्तो वक्तव्य सार्वजनिक रूपमा जारी गर्नुपरेको होला ।

चर्चित वक्तव्यको सीधा सन्दर्भ वर्तमान संविधानको धारा २६७ सँग सम्बन्धित छ जसमा स्वाधीनताको पनि उल्लेख छ । अनि यो धारा चाहिँ धारा २६६ सित गाँसिएको छ जसमा राष्ट्रिय सुरक्षासम्बन्धी व्यवस्था गरिएको छ । यस अन्तर्गतको राष्ट्रिय सुरक्षा परिषद्मा प्रधान सेनापति पनि रहने प्रावधान छ । रक्षा मन्त्रालयको भूमिका संयोजकको हुने प्रावधान धारा २६६ पढ्दा ज्ञात हुन्छ ।

प्रतिबद्धताको पक्ष :

यसैमा अर्को पक्ष के छ भने नेपाली सेनाले 'संविधानप्रति प्रतिबद्ध' रहनु पर्ने बाध्यता छ । अर्को शब्दमा, सेना तत्काल बहाल रहेको सरकारप्रति बफादार रहने कुराको महत्व आफ्नो ठाउँमा छ तर सेनाको बफादारीको निरन्तरता सरकारप्रति होइन कि लिखित संविधानप्रति रहन्छ । भन्नु परोइन, सरकार त राजनीतिक दलहरूमा समीकरण र गठबन्धन समय-समयमा फेरिए अनुसार बदलिईरहन्छन् तर नेपालको सार्वभौमिकता र राष्ट्रिय एकता सदैव सर्वोपरि रहने विषय हो । यसै वास्तविकतालाई आत्मसात् गरेर होला,नेपाली सेनाले सरकारी आदेश,उपदेशको चर्चा नगरीकन एकैपल्ट 'संविधानप्रदत्त जिम्मेवारी' को उल्लेख गरेको छ ।

नेपाली सेनाको सम्बन्धित निकायले राष्ट्रिय एकताको विषयमा खलल पार्नसक्ने गतिविधिबारे यथोचित अध्ययन र अनुसन्धान गरेपछि नै यस पक्षप्रति अर्जुनदृष्टि दिएको होला । सतही सूचना वा विवेचनाको भरमा कुनै गहन विषयमा दृष्टिकोण बनाउने कुरो पनि आउँदैन ।

राष्ट्रिय एकताको विषय सञ्चारमाध्यममा बरोबर बहस, विमर्शमा आइरहेकै हुन्छ । तसर्थ राजा ज्ञानेन्द्रको फागुन ७ को सन्देश र उनकै नयाँ वर्षको सन्देशमा राष्ट्रिय एकताबारे चर्चा हुनु अनौठो भएन । आखिर यो हरेक नेपालीको लागि सरोकारको मामिला हो । राजनीतिक दलकै नेताहरूले पनि राष्ट्रिय एकताको महत्व बेला-बेखत औंल्याएकै हुन्छन् यद्यपि जातीय र क्षेत्रीय पहिचानको नाम वा निहुँमा देश र समाजलाई विभाजनको चक्रव्यूहमा पार्दैआएको पनि यिनीहरूले नै हो, यिनकै बोली र क्रियाकलापले हो । जुन ठाउँमा भाषण गर्न गयो त्यस ठाउँका बासिन्दालाई मौजा बाँडेझैं तमुवान्,मगरात,लिम्बुवान् लगायतका स्वायत्त इलाका र प्रदेश दिने आश्वासन बाँड्न सिकाउने नेता त प्रचण्ड नै हुन् । आत्मालोचना गरे हुन्छ नि ।

'अनेकतामा एकता' को जगमा उभिएको नेपाली समाज र त्यसकै आधारमा सञ्चालित राजनीतिक दल,निकाय,संकाय र संस्थाहरूले राष्ट्रियहितको आधारशीला राष्ट्रिय एकता हो भन्ने ठम्याउन ढिला गर्नु हुँदैन । दुई भीमकाय छिमेकी-राष्ट्रको बढ्दो प्रभाव तथा महत्वाकांक्षालाई दृष्टिगत गरी नेपालीहरूले एकताको सूत्रमा नबाँधिए मुलुकको अस्तित्व रक्षा हुन सक्दैन । सम्भवत: नेपाली सेनाको अनुरोध वक्तव्य यसै परिप्रेक्ष्यमा आएको हो ।

प्रसङ्गवश, वर्तमान सन्दर्भमा गृहनीतिको विस्तार परराष्ट्रनीति हुन्छ भन्ने परम्परागत मान्यताको ठाउँमा नेपालको छिमेकीसँगको सम्बन्धलाई ध्यानमा राखेर गृहनीति तय गर्नुपर्ने अवस्था सिर्जना भएको छ । डोनाल्ड ट्रम्पको अमेरिकाले हलचल गराएको विश्व-परिस्थितिबाट नेपालजस्तो सानो भूगोलको देशका सञ्चालकहरूले अति चनाखो हुनुपर्ने स्थिति छ । तसर्थ अहिलेको अवस्थामा देशभित्र एकता कायम गराउने उद्देश्यप्राप्तिलाई नै सर्वाधिक महत्व दिइनु पर्छ । किनभने राष्ट्रको अस्तित्वरक्षाको लागि नेपाली-नेपाली बीचको एकता अनिवार्य छ, अपरिहार्य छ । त्यसका निमित्त नागरिकहरूले लोकतन्त्रभित्रको न्यूनतम् हक-अधिकारमा चित्त बुझाएर बस्ने अभ्यास गर्नुपर्ने हुन्छ । त्यसको लागि व्यक्तिगत स्वतन्त्रतालाई स्वच्छन्दतातिर तानेर नलग्नु नै पर्याप्त हुन्छ । अनि, सिद्धान्त र आदर्शबाट च्यूत भएका दलहरूको पछि लागेर तिनका 'झोले' कहलिनुलाई सम्मान वा प्रतिष्ठाको सूचक मान्न पनि छोड्नु पर्छ । यसमा विशेषत: युवापुस्ताले सचेत हुँदा जाती ।

(५ वैशाख २०८२) बैशाख ६, २०८२ मा प्रकाशित, साभार: देशसञ्चार ।




# गर्भदेखि बृद्धसम्म हिंसा नै हिंसा

संविधान, नियम, कानुन छ तर हिंसा रोकिएन । जबसम्म विवेकशील हुन चेत फिर्दैन तवसम्म हिंसात्मक घटनामा कमी आउन नसक्नेरहेछ । संविधान हिजो थियो, हिंसा थियो । आज पनि संविधान छ, हिंसा भइरहेकै छन् ।

संविधान देशको मूल कानुन हो जसमा राज्य संचालन प्रणाली समाबेश गरिएको हुन्छ । सबैका हक अधिकारहरू सुनिश्चित गरिएका हुन्छन् । सुनिश्चित गरिएका हक अधिकारह्रू हनन भएमा वा उल्लंघन भएको अवस्थामा उपचारको व्यवस्था समेत गरिएको हुन्छ । व्यक्तिको अधिकारको उल्लंघन भएको अवस्थामा उपचारका लागि अदालत गुहार्न सकिने प्रावधान रहेको छ । जसले गर्दा मानब अधिकारको संरक्षण भएको छ । तर अदालती कामकारवाही यति महगो छ कि कमजोर बर्गले न्याय पाउन साह्रै मुस्किल छ । यसकारण पनि थिचोमिचो बढेको अवस्था छ ।

संविधानद्वारा प्रदान गरिएको मौलिक हक विरूद्ध बनेका वा मौलिक हकलाई संकुचित पार्ने गरि बनेका कानुनहरूको न्यायिक पुनरावलोकनका लागि अदालतमा निबेदन गर्न सकिने छ । यसरी नै राज्य संचालनको गति अगाडि बढदै गर्दा समाजमा आपराधिक गतिविधि उत्तिकै बढ्दै गहिरहेको अवस्थामा महिला हिंसाका स्वरूपहरूमा घरेल हिंसा चरम रूपमा बढ्दै गइरहेको तीतो सत्य पनि हाम्रो सामु छर्लङ्ग छ । यद्यपि पुरूष हिंसामा पनि बढोत्तरी भएको यथार्थ अदालत र प्रहरीबाट थाहा हुन्छ ।

चेतना ठूलो कुरा रहेछ । संविधान र कानुन सबै कुरा होइन । चरीत्र र लोकाचार ठूलो कुरा हो । बेलायतमा लिखित संविधान छैन तर चरित्र र लोकाचार अर्थात लज्जा सबैभन्दा महत्वपूर्ण हुनेरहेछ । लोकले के भन्ला भन्ने नैतिक धरातल नै लोकाचार हो । जो नङ्गा नाचे हजार दाउमा हिड्छन् र लोकाचारको ख्याल गर्दैनन्, तिनका लागि जतिसुकै राम्रो संविधानले पनि छुँदैन, संविधान कागजभन्दा फरक हुँदैन । नेपालमा भ्रष्टाचार र हिंसा, दण्डहीनता र अदालतप्रतिको आस्था घट्नुमा शासित बर्गका प्रति जिम्मेवारविहीनता र लोकलज्जाहीनता प्रमुख कारण रहदै आएको छ ।




कुआचरण र नैतिकहीनता राज्यसञ्जालदेखि समाजसम्म फैलिदै गएको छ ।

विधानमा कनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन भनिएको छ । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुने र पिडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । संविधानले अधिकार दिएको छ तर समाजमा महिला र पुरूष हिंसा दिनदिनै बढ्दै गएको छ किन ? दण्ड प्रणाली कमजोर हुनु र हिंसावादीहरूमा नैतिक र लोकलज्जाको भाव नहुनु नै प्रमुख कारण हो । जनप्रतिनिधिको उदासिनता हुनु हो ।

बृद्धाश्रम बढ्दै गएका छन् । सामुहिक परिवारबाट छुट्टिने परम्परा बढेको छ । युवा विदेशी रोजगारीमा जान थालेपछि समाजमा यस्तो बिकृति बढेर गएको छ । अहिलेको नयाँ पुस्ता सगोलमा बस्न र बुढाबुढीप्रति संवेदनशील हुनै चाहदैनन् । राज्यका सञ्जालले गरेको अध्ययन र दैनिक रिपोर्टमा पनि पुरूष र महिला हिंसा बढेर गएको छ । अदालतमा सम्बन्ध बिच्छेदका मुद्दाको चाङ लागेका छन् । बलात्कार, मानव बेचबिखन, वालविाह र घरेलु हिंसाका घटना हजारौं हजार बढ्नु भनेको समाजमा बिकृति र बिसंगति बढेर गएको नतिजा हो ।

गर्भावस्थामा लिङ्ग पहिचान गरी गर्भ पतन गर्ने, शिशु अवस्थामा स्वास्थ्य सुविधाको पहुँचमा विभेद गर्ने, शिक्षामा भेदभाव गर्ने, किशोर अवस्थामा बलात्कार, जबरजस्ती, बेश्याबृत्ति, बेचविखन र बृद्ध अवस्था सामाजिक, धार्मिक र बोक्सी जस्ता आरोपबाट पिडित हुनुपर्ने अवस्था छ । हिंसा परिवारभित्र नाता सम्वन्धको दुरूपयोग गरी परिबारकै सदस्य माथि शारीरिक, मानसिक, आर्थिक, यौनिक र भावनात्मक दुर्व्यवहार नै घरेल हिंसा हुन्, जुन बढ्दैछ । यसका अतिरिक्त महिलामा छाडा प्रवृत्ति बढेर गएको छ । महिलाले पुरूषलाई दिने यातना पनि बढेका छन् । बढ्दो पुरूष र महिला हिंसामा पिडितलाई संरक्षण र पीडकलाई दण्ड दिने राज्यको दायित्व हो । यो दायित्वको निर्वहन कसरी प्रभावकारी हुन्छ, सोचनीय विषय छ ।

# नेपालप्रति अमेरिका सहृदयी



डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपछि भएपछि 'मेक अमेरिका फस्ट' भनेर चुनावमा लगाएको नारालाई सार्थक बनाउनतिर लागेका छन् । यहीकारण जो अपराधमा संलग्न छ, जो गैह्रकानुनी रूपमा बसोबास गरिरहेका छन्, तिनलाई अमेरिकाबाट निकाल्न कडा रूख अपनाइरहेका छन् । जसले अमेरिकी नीतिमा खलल पार्छ, तिनीहरूसँग अमेरिकाले जस्तालाई तस्तै नीति अख्तियार गरेर विश्वभरि तरङ्ग उत्पान्न गराइरहेको देखिन्छ ।

यसैवीच अमेरिकी प्रशासनले ४३ देशका नागरिकलाई अमेरिका यात्रामा प्रतिबन्ध लगाउने नयाँ सूची सार्वजनिक गरेको छ । द न्यु योर्क टाइम्सका अनुसार भुटानलगायत ११ देश अफगानिस्तान, भुटान, क्युबा, इरान, लिबिया, नर्थ कोरिया, सोमालिया, सुडान, सिरिया, भेनेजुगला र यमनमाथि अमेरिकाका लागि पूर्ण प्रतिवन्ध लगाएको छ ।

कसलाई अनुमति दिने वा नदिने भन्ने विषयमा कडा भिसा नीति अन्तर्गतका मुलुकहरूको सूचीमा बेलारूस, एरिट्रिया, हाइटी, लाओस, म्यानमार, पाकिस्तान, रूस, सियरा लिओन, दक्षिण सुडान र तुर्कमेनिस्तान रहेका छन् ।

धन्न नेपाल प्रतिवन्धमा परेका ४३ देशको सूचीमा परेको छैन । यद्यपि संशेधन सूचि पनि आउन सक्ने बताईएको छ । अमेरिकाले नेपालमा युएसआइडीदेखि एमसीसी सम्मका लगानीमा रोक लगाएको छ । यसैवीच खबर आएको छ, युएसआइडीका विश्वभरका सञ्जालबाट १० हजार कर्मचारी हटाएको छ ।

अमेरिकाले नेपाललाई अनेक विकास आयोजना र शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सहयोग दिदै आएको थियो । हजारौं एनजीओ र आइएनजीओ चलेका थिए । ती सबैको ओठमुख सुकेको अवस्था छ । राष्ट्रपति ट्रम्पले सहयोगको दुरूपयोग भएकोमा नेपालमाथि 'ठगी गरेको' आरोप समेत लगाएका छन् ।

# चौबाटोमा पुगेको नेपालको राजनीति



डा. केशव देवकोटा

नेपालको राष्ट्रिय राजनीति फेरी परिवर्तनको चौबाटोमा पुगेको छ । बिभिन्न पार्टी र पेशागत संघसंगठनहरू समेत धमाधम आआफ्ना माग लिएर सडक आन्दोलनमा उत्रिन थालेका छन् । सरकारी कर्मचारीले समेत बर्तमान सरकारलाई असहयोगगर्नु गंभिर बिषय भएको छ । हालको अवस्थामा राजनीतिक परिवर्तनका मुख्यत तीनवटा बाटाहरू देखिएका छन् । एकथरी यथास्थितिवादीहरू बिद्यमान बुर्जुवा गणतन्त्र (पुष्पकमल दाहालका शब्दमा) को पक्षमा रहेका छन् भने अर्कोथरी संवैधानिक राजतन्त्रसहितको बहुदलीय संसदीय ब्यवस्थाको पक्षमा रहेका छन् । तेश्रोथरीले जनगणतन्त्रको कुरा उठाएका छन् । राजावादी र बुर्जुवा गणतन्त्रवादी बीचको रस्साकस्सी तेज भएपछि जनगणतन्त्रको नारा मत्थर भएको देखिएको छ । नेकां, एमाले र माओवादी केन्द्रलगायतका बिचौलिया पार्टीहरू जनगणतन्त्रको पक्षमा नरहेको स्पष्ट छ भने राजतन्त्रसहितको बुहदलीय संसदीय ब्यवस्था कि संघीयतासहितको गणतन्त्रभन्ने कुरामा उनीहरू द्बिबिधामा रहेको देखिएको छ । विदेशी खासगरी भारतीय हस्तक्षेपबाट ०४६ सालको राजनीतिक परिवर्तन भएको थियो । तत्कालीन राजा वीरेन्द्र आफैले संवैधानिक राजतन्त्र सहितको बहुदलीय संसदीय ब्यवस्था स्थापना गरेका कारण राजावादीहरू त्यसलाई स्वीकार गर्न बाध्य छन् । ०४६ को राजनीतिक परिवर्तनपछि नेकां र एमाले सहितका संसदवादी दलहरूले ०४७ को संविधान घोषणा गरेका र त्यसलाई त्यतिबेला उत्कृष्ट संविधान समेत भनिएका कारण उनीहरू पुरानै अवस्थामा फर्कनसक्ने संभावना पनि छ । माओवादी केन्द्र र त्यसमा पनि सो पार्टीका अध्यक्ष पुष्पकमल दाहालले ०६२ मंसिर सात गते नेपालका सात संसदवादी दलहरूसँग १२ बुँदे सहमति गर्ने बहानामा भारतको नयाँ दिल्लीमा जनयुद्ध बिसर्जन गरेका कारण सो दल फेरी जनयुद्ध र जन गणतन्त्रमा जाने कुनै संभावना छैन । त्यसैगरी सो दलले बिद्यमान गणतन्त्रलाई पनि पूर्णरूपमा स्वीकार गर्न नसकिरहेको अवस्था छ । माओवादी केन्द्रका केही नेताहरूको प्रयास हालसम्म पनि देशमा एकपछि अर्को संकटको सिर्जना गरेर यसलाई संकटमा पुऱ्याउनेमै केन्द्रित रहेको देखिएको छ । दिल्लीमा भएको १२ बुँदे सहमतिमा देखिनेगरी नेपालमा राजतन्त्रको अन्त्य भनिएको थिएन भने बिभिन्न सामाजिक सुधारका कुराहरू अगाडि सारिएका थिए । तर भित्रीरूपमा नेपाललाई आर्थिक, सामाजिक र राजनीतिक रूपमा अस्तब्यस्त बनाउँदै बिघटनमा पुऱ्याएर दोश्रो सिक्किम बनाउने र नेपालमा कुनै हालतमा पनि कम्युनिष्ट शक्तिलाई अगाडि बढ्न नदिएर छिन्न भिन्न बनाउने संझौता गरिएको पछिल्ला कतिपय घटनाक्रमहरूले स्पष्ट गरेका छन् । ०६३ बैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्र शाह र नेकां, एमाले र माओवादी सहितका आठ दलकाबीचमा भएको भनिएको पाँचबुँदे सहमतिमा बिघटित संसद पुनर्स्थापना गर्ने, जन आन्दोलनको स्थगन गर्ने, राजा संवैधानिक रहने, कार्यकारी अधिकार मन्त्रिपरिषदमा रहने र साबैभौम सत्ता जनतामा रहने भनिएकोमा तत्कालीन अवस्थामा बिघटित संसद पुनर्स्थापनागर्ने र आनदोलन स्थगनगर्ने बाहेक अन्य बुँदाहरूको हालसम्म पनि पालना गरिएको छैन । त्यतिबेला भारतीय प्रतिनिधि करण सिंहको रोहबरमा उक्त पाँचबुँदे सहमति भएका कारणले भारतले समेत उपरोक्त सहमतिको पालना किन भएन भन्ने कुराहरू उठाएको देखिएको छ । त्यतिबेला पहिलो निर्धारित समयसमेत सकिएको बिघटित संसद पुनर्स्थापना गराएर अनिर्वाचित ब्यक्तिहरूलाई समेत संसदमा पुऱ्याइएका कारण हाल आएर त्यसको वैधानिकताको कुरा उठेको छ ।


त्यही गलत ढंगले पुनर्स्थापना भएको संसदलाई सिंगारेर अन्तरिम संसद, त्यसैले बनाएको अन्तरिम संविधान र सरकारहुँदै प्रक्रिया अगाडि बढेका कारण त्यसकाबारेमा पनि नैतिककासाथै संवैधानिक र कानूनी प्रश्न उठेको छ । त्यतिबेलाका संवैधानिक राजालाई सक्रिय राजाको अधिकार दिएर माओवादीसहितका दलहरूले बिघटित संसदको पुनर्स्थापना गराउन लगाएकाले सो कुराकाबारेमा पनि कतिपय प्रश्नहरू उठेका छन् । राजाले पुनर्स्थापना गराएको संसदबाट बनेको अन्तरिम संसदले राजालाई नै हटाएर कसरी गणतन्त्रको स्थापना गर्नसक्छ भन्ने प्रश्न पनि उठेको छ । त्योभन्दा पनि पहिलो संविधान सभा, जुन संविधान बनाउन नसकेर आफै बिघटन भएको थियो, त्यसले बिना बिधि र प्रक्रिया ठाडै हुकुमी पाराले राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापनाको घोषणागर्न कसरी सक्यो ? भन्ने कुराहरू पनि रहेका छन् । दोश्रो संविधानसभा स्वयं जनयुद्धकालीन माओवादीका अधिकांश नेता तथा कार्यकर्ताहरू रहेको मोहन बैद्य नेतृत्वको समूहले बहिष्कार गरेको थियो । जसले दोश्रो संविधान सभा र त्यसपछिका कुनैपनि निर्वाचनहरूमा भाग लिइरहेको छैन । त्यसैगरी दोश्रो संविधानसभालाई स्वतन्त्र र निष्पक्षरूपमा संविधान बनाउन नदिएर पूर्ब शर्तहरूको भारी बोकाइको थियो । ति पूर्ब शर्तहरू अमेरिका लगायतका पश्चिमा राष्ट्रबाट प्रायोजित रहेको र जसका लागि ठूलो विदेशी रकमको चलखेल भएकोभन्ने कुराहरू पछिल्ला घटनाक्रमहरूले स्पष्ट गरेका छन् । हालैका दिनमा अमेरिकाले संघीयताका लागि बार्षिक बजेटनै छुट्याउने गरेको रहस्य खुलेको छ । गत पुसमा डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपति हुनुभएपछि उहाँले नेपालको संघीयताका लागि बार्षिक बजेट छुट्याउनुलाई राजनीतिक ठगी भएकोभन्दै बजेट नै कटौती गरिदिएको घटनाले धेरै कुराको रहस्य खुलेको छ । त्यसअघि नेपालको संघीय शासन बचाउन युरोपीयन यूनियनले लगानी गरिरहेका कुराहरू पनि खुलेका थिए ।




खासमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले आफ्ना उपलब्धी भन्नेगरेका संघीयता, जातीय समाबेशी, धर्मनिरपेक्षता र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणाली साम्राज्यवादी मुलुकहरूको नेपाल नीतिअनुसारका कुराहरू रहेको रहस्य पनि खुलिसकेको छ । नेपाललाई निरन्तर अस्थिर बनाउँदै बिघटनमा पुऱ्याउन उक्त प्रावधानहरू अगाडि सारिएका थिएभन्ने पछिल्ला दिनमा स्पष्ट भएका छन् । यतिबेला नेपालका लागि संघीय शासन मुख्य समस्या बनेको छभने ०७२ को संविधानलाई कतिपय पार्टीहरूले देशमा बिद्यमान सबैखाले समस्याको जड भएको मूल्यांकन गरेका छन् । जनगणतन्त्रवादी र राजावादीहरूले ०७२ को संविधान र त्यसअनुसार देशमा लागूगराईएको राजनीतिक ब्यवस्थालाई चुनौती दिएका छन्भने जो जसले बिद्यमान राजनीतिक ब्यवस्थाका आफूलाई पिता र संरक्षक बताउँदै आएका थिए, उनीहरूका बीचमा पहिलो त मेल देखिएको छैनभने दोश्रो उनीहरू पनि यसलाई बचाउनतिर लागि रहेका छैनन् । नेकां, एमाले र माओवादी केन्द्रका नेताहरूको प्रयास बर्तमान ब्यवस्थालाई प्रयोग गरेर सकेसम्म आफ्नो निहित स्वार्थ साधना गर्ने/गराउनेमै केन्द्रित रहेको देखिएको छ । माओवादी केन्द्रका अध्यक्षले हालसम्म पनि बिद्यमान राजनीतिक ब्यवस्थामा संकट नआएको बरू बर्तमान सरकारमा संकट आएको बताउने गर्नुभएको छ । उहाँको प्रयास बर्तमान सरकारबाट जसरी भएपनि एमालेलाई हटाएर नेपाली कांग्रेसलाई अगाडि बढाउनेमा केन्द्रित छ । माओवादी केन्द्रसँग संसदमा रहेका एकीकृत समाजवादी बाहेक कुनैपनि पार्टीको मेल छैन । एकीकृत समाजवादीसँग पनि भारतीय संलग्नताका कारण मेल भएको रहस्य खुलिसकेको छ । नेपाली कांग्रेस र एमाले पनि बर्तमान राजनीतिक ब्यवस्थालाई लोकप्रिय बनाउनेमाभन्दा आफ्नो सत्ता जोगाउनेमै केन्द्रित रहेको देखिएको छ । नेपालको समसामयिक राजनीतिक परिस्थितिमा नेकां र एमाले मिल्नुको अर्को बिकल्प छैन । पहिलो उक्त दुबै पार्टी ०४६ सालको राजनीतिक परिवर्तन देखिका सहयात्री हुन् । दुबैको चाहना गणतन्त्र वा राजतन्त्रभन्दा पनि बहुदलीय संसदीय ब्यवस्था हो । त्यसैले बर्तमान सरकार आन्दोलन बाहेक अन्य उपायले ढल्ने कुनै संभावना छैन । बुझ्नुपर्ने कुरा के छभने यो सरकार नेपाली कांग्रेसको चाहना अनुसार उसैको साथ सहयोगमा गठन भएको हो । हाल सरकारको नेतृत्वमा एमालेका अध्यक्ष रहनु भएको भएपनि नीति तथा कार्यक्रम सबै नेपाली कांग्रेसको रहेको छ । त्यसैले नेपाली कांग्रेसले हालको अवस्थामा एमालेलाई छाडेर माओवादी केन्द्रलाई अपनाउनुपर्ने कुनै कारण देखिएको छैन । अन्तराष्ट्रिय सम्बन्धका हिसावले पनि नेकां र एमाले निकट मानिन्छन् ।

माओवादी केन्द्रले ०७८ मै भारतीय जनता पार्टीसँग पार्टी तहमा सहकार्यगर्ने लिखित सहमति गरेको थियो । तर भाजपालेमात्र समर्थन गरेर पनि माओवादी केन्द्र नेपालको सत्तामा टिकीरहन सकेन । सबै घटनाक्रमहरूलाई केलाएर हेर्दा ०७२ को संविधान र बिद्यमान राजनीतिक ब्यवस्था जस्ताको तस्तै चल्ने कुनै संभावना रहेको छैन । यो संविधान र ब्यवस्था परिवर्तन हुने दुईवटा पाटाहरू रहेका छन् । पहिलो बर्तमान सरकारले संसदमा रहेका र नरहेका सबै क्रियाशील राजनीतिक पार्टी र शक्तिहरूको बृहत गोलमेच सम्मेलन गराएर संविधान र ब्यवस्थामा सुधार गर्न/गराउन सक्छ । त्यसमा बिलम्ब गरियो अथवा समस्याको समाधान गर्न/गराउन कुनै प्रयास नै गरिएनभने आन्दोलनकै बलमा ०७२ को संविधान, बिद्यमान राजनीतिक ब्यवस्था र सरकार तीनवटै परिवर्तन हुन्छन् । त्यतिबेला के कसरी परिवर्तन हुन्छ र देशमा कस्तो राजनीतिक ब्यवस्था आउँछभन्ने कुरा आगामी केही दिनपछिमात्र स्पष्ट हुनसक्छ । पञ्चायत हटाएर बहुदलीय संसदीय ब्यवस्था आयो, बहुदलीय संसदीय ब्यवस्थालाई कमजोर बनाएर बिद्यमान संघीय लोकतान्त्रिक गणतन्त्र आयो । तर कसैले पनि निरंकुशताको अन्त्यगर्न पनि सकेनन्भने छाडातन्त्रलाई नियन्त्रण गर्न/गराउन पनि सकेनन् । त्यसैले देश यो वा त्यो निरंकुशतातर्फ जाने प्रवल संभावना छ । देश पहिलो हो, त्यसपछिमात्र कुनै पनि वाद र ब्यवस्थाका कुराहरू आउँछन् । त्यसैले आम देशभक्त नेपालीले यो वा त्यो नभनीकन देशलाई धुरीमा राखेर निर्णयगर्नु पर्दछ । देशको हावा पानी र माटो सुहाउँदो राजनीतिक ब्यवस्था र स्वाबलम्बी एबं आत्मनिर्भर अर्थतन्त्र आजको आवश्यकता हो । सबैको ध्यान यसैमा केन्द्रित हुनुपर्दछ ।

# प्रचण्डमाथि प्रश्न



डा बाबुराम भट्टराईले आफ्नो सोसल मिडिया पोष्टमा तीतो यथार्थ लेखेर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डमाथि कडा प्रश्न गरेका छन्-

केही पुराना 'कम्युनिस्ट' घटकहरूले मौसमी रूपमा एक ठाउँमा उभिएर आफूलाई 'समाजवादी मोर्चा' भन्ने गरेका छन् । 'कम्युनिस्ट' हरूको मात्र मोर्चा भएपछि त्यसलाई 'कम्युनिस्ट मोर्चा' भने भइहाल्थ्यो । यदि 'कम्युनिस्ट' भन्न लाज लागेको भए र 'समाजवादी' भन्नु उपयुक्त ठानेको भए पार्टीको नाम नै 'समाजवादी' राखे भइहाल्थ्यो !कि 'कम्युनिस्ट' भनेर कार्यकर्तालाई ठग्ने, अनि 'समाजवादी' भनेर जनतालाई ठग्ने दोहोरो चाल हो ? यसरी दुई वटा डुंगामा खुट्टा राखेर कता पुगिएला ?

यो भयंकर वैचारिक र नैतिक विचलन हो । यसको सट्टा विगतका कम्युनिस्ट आन्दोलनका अनुभव र नयाँ युगको नयाँ आवश्यकता अनुरूप उत्तर-पुँजीवादी र उत्तर-साम्यवादी वैचारिक-राजनीतिक विकल्प खोज्नेतिर लाग्ने हो कि ?

# ५ वर्ष प्रधानमन्त्री खान पाइन


पुष्पकमल दाहाल

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले समाजवादी मोर्चा गठन गरे तर यो मोर्चाले केही गर्नै सकेन । यो मोर्चा यथार्थमा कम्युनिष्ट दलहरूको गठबन्धन हो । नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, नेपाल र विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी मिलेर ४ असार २०८० मा यसको गठन भएको थियो । यो मोर्चामा पछि महिन्द्र राय यादव नेतृत्वको नेपाल समाजवादी पार्टी पनि जोडिएको थियो । यो मोर्चा एमाले र कांग्रेसलाई तर्साउन गठन गरिए पनि कुनै लछारपाटो लगाउन सकेन ।

यसपछि प्रचण्डको जनतासमक्ष प्रष्टिकरण आएको छ- म ५ वर्ष प्रधानमन्त्री हुन पाएको भए दरबार हत्याकाण्डको यथार्थ बाहिर ल्याउन छानबिन गरिसक्थेँ । सत्य के हो भने प्रचण्ड ३ पल्ट सवा ३ वर्ष प्रधानमन्त्री भइसकेका छन् ।

# कविता र मुक्तक लेख्ने प्रयासहरू – उज्यालो फेरि चम्किने छ

## उज्यालो फेरि चम्किने छ

**ई. चिरन्जीवी भट्टराई**



धुलोले ढाकिएको छ इतिहास छ,
जहाँ हरेक ईँटामा छ राष्ट्रको स्वाभिमान।
गुमेको त्यो गौरव, टुक्रिएको त्यो सपना,
फेरि उठ्न, हामीलाई चाहिएको छ एक बलियो थाम ।

राजा थिए, जब देश एक थियो,
सपना पुरा गर्न एकताको गीत थियो।
आज हरेक गल्लीमा छ अविश्वासको आवाज,
समाधान होइन, झनै गहिरिएको छ समाज ।

विदेशिएका छन् युवाहरू,
भविष्य खोज्दै पराई भूमिमा।
देशमा रोजगारी होइन,
छ सत्ताका वरिपरि भरिएका मानिसहरू ।

अब नेतृत्वको खाँचो छ,
जो सधैँ देश र जनताको माया गर्छ।
जो पक्षपात होइन,
सबै नेपालीलाई समान नजरले हेर्छ ।

राजसंस्था फेरि फर्कनुपर्छ,
सम्बृद्धिको ढोका फेरि खोल्नुपर्छ ।
हामी सबै मिलेर गर्जनुपर्छ,
"राजा फर्काउ, देश बचाउ!" भनेर बोल्नुपर्छ ।

आजको यो कविता हो,
भोलिको त्यो गाथा बन्नेछ।
एकता, विश्वास, र नेतृत्वसँगै,
नेपाल फेरि उज्यालोमा चम्कनेछ ।
(लेखक नागरिक विद्रोह जनसम्पर्क प्रमुख हुन् ।



जहाँ देवता भनी ढुङ्गा नपुज्ने को होलान्
कठै आँसु पिउदै पिडा नरूभ्ने को होलान्
मेरै देशको अग्लो सगरमाथालाई सोध्दैछु
बादल र जूनको नाता नबुझ्ने को होलान् ?

**- गंगा दहाल**



कमिकमजोरी छ है भनि गल्ती देखाइ दिनु राम्रो
खाली भएछ भनि खल्ती देखाइ दिनु राम्रो
मन दुख्छ कि भनि चुपचाप भैदिनु भन्दा पनि
सुधार गर्ने ठाउँ पल पल देखाइ दिनु राम्रो ।

**- अर्जुन अधिकारी**

## नयाँ सालको आशा

**इन्द्रकुमार श्रेष्ठ**



अबदेखि कतै पनि टावर नबनाउनू
जहाँ खोलै छैन त्यहाँ पुल नबनाउनू
पहिलेकै छन् जति पनि तिनै भए पुग्छ
मान्छे बसाइँ हिँडिसके मन्दिर नबनाउनू
कृषि गर्दै पशुपन्छी पाल्दा हुन्छ राम्रो
चोकैपिच्छे तिनकै मूर्ति कहिल्यै नबनाउनू
चाहिने कुरा बोल्नुपर्छ नेता भएपछि
अबदेखि जथाभावी गफ नलडाउनू
प्राकृतिक र दैवी प्रकोप कतै भयो भने
हेलिकोप्टर चढीचढी हेर्न नआउनू
उद्घाटनलाई त्यतैतिर असल मान्छे होलान्
हजूरहरू टाढादेखि दुःख नपाउनू
युवा वर्ग दिमाग चलाई काम गर्न पाऊन्
'अभियान' र 'प्रदर्शन'मा बेकार नबोलाउनू
कुरा एउटा काम अर्को, कस्तो होला बानी
यो युगमा नि हामीलाई उल्लू नबनाउनू
अनेक काण्ड रच्यौ, गऱ्यौ भ्रष्टाचारको खेलो
अबदेखि त्यो मनलाई ज्ञानी बनाउनू
यस्तै आशा लिएका छौँ हामी नेपालीले
नयाँ सालमा निराशाको खोला नबगाउनू ।

# ढलेको सपना एकदिन जरूर उठ्नेछ

*-जयराम बिडारी*



*राजतन्त्र र गणतन्त्रको बहसमा उठेका आवाजहरू राजाप्रति अतिशय प्रेम भएर भन्दा पनि गणतन्त्रका नायक भनिने नेताहरू नालायक भएर उठेका हुन् भन्ने जगजाहेर छ । प्रमुख भनिएका पार्टीका शीर्ष नेतृत्व मानौं अर्कै कुनै लोकबाट जनतामाथि शासन गर्नका लागि नै सोझै अवतरण भएका हुन् भन्ने स्वाङ पारेको निकै लामो कालखण्ड बितिसकेछ । भ्रष्टाचार,महँगी,कुशासनमा यिनीहरूको कुनै संलग्नता छैन,यी सबै पूर्णतः दोषमुक्त र सदैव दुधले नुहाएका निष्पाप मनुष्य हुन् । यिनको सदैव जयगान गर्नुपर्छ भन्ने जुन भाष्य निर्माण गर्न कसरत गरे त्यो नै लोकतान्त्रिक व्यवस्थाको कलङ्क बनेको न लोकतान्त्रिक व्यवस्थाका रैतीहरूले बुझे न शासकले यो अत्यन्त दुःखद पक्ष हो ।*

*आन्दोलनका सिलसिलामा यिनले आयोजना गर्ने राजनीतिक आन्दोलनका क्रममा हुने गरेका आपराधिक गतिविधिमा अमुक पक्षको घुसपैठ गरी हामीलाई बदनाम गर्न खोजियो भनेर सजिलै उम्किने परजीवीहरू राजावादीहरूको आन्दोलनका क्रममा भएको नृशंस हत्यालाई आयोजकमाथि दोष थोपरेर पुन उम्किने असफल प्रयासमा छन् । २०४८ सालताका एमालेको आयोजनामा गरिएक आन्दोलनलनका क्रममा मारिएका अनिश शाक्य प्रकरणमा 'गोलीको आँखा हुँदैन' भन्ने जस्ता गैरजिम्मेवारपूर्ण अभिव्यक्ति दिएर उम्किएकाहरू सविन महर्जन र एभिन्युजका फोटो पत्रकार सुरेश रजकको हत्यामा आयोजक माथि दोष थुपारेर पुन उम्किने दाउ खोजिरहेका छन् ।*

*वैचारिक रूपमा कुनै एक पक्षको किल्लामा विवेकलाई लिलामीमा चढाएकाहरूबाट कहिलेकाहीं स्वतन्त्र विचारहरू पचाउन मुस्किल पर्ने गरेको तितो सत्यलाई पनि राम्रैसँग बुझ्न सकिन्छ । हिजोका दिनमा पनि कुनै पनि राजनीतिक दलका राम्रा पक्षलाई समर्थन र नराम्रा पक्षलाई विरोध गर्ने गरिएको क्रम भोलिका दिनमा पनि निरन्तर रूपमा सम्प्रेषित गरिरहनु एक सचेत नागरिकको नियमित कर्म हो । भोलिका दिनमा राजा आउलान् वा नआउलान् त्यो अलग पाटो हो । यदि आइ नै हाले भने पनि उनीबाट भए गरेका जनविरोधी क्रियाकलापका विरूद्धमा समेत आफ्ना विचार प्रवाहित गरि नै रहनु सम्पूर्ण सचेतजनको कर्तव्य हुन जानेछ ।*

*विचार तथा अभिव्यक्ति स्वतन्त्रता निरङ्कुश भनिएको राजतन्त्रमा भन्दा उन्नत व्यवस्था भनिएको गणतान्त्रिक व्यवस्थामा थप गएगुज्रेको देखियो । नागरिक समाज, मानव अधिकारवादी लगायत सबै दल एक मुखले विचार अभिव्यक्तिको विरूद्धमा विष वमन गरिरहेछन् ।*

*प्रहरीका अनुसार शुक्रबार प्रदर्शनका क्रममा एभिन्युज टेलिभिजनका फोटो पत्रकार सुरेश रजक र कीर्तिपुर निवासी युवा सविन महर्जन गरी दुई जनाको ज्यान गएको छ । नेपाल प्रहरीतर्फ ५३ जना, सशस्त्र प्रहरीका २४ जना घाइते भएका छन् भने प्रदर्शनकारीतर्फ ३५ जना घाइते भएका छन् । प्रदर्शनका क्रममा ७ वटा सरकारी र ९ वटा निजी सवारीसाधनमा क्षति पुऱ्याइएको छ । यसैगरि जडीबुटी कम्पनीसमेत १४ स्थानमा आगजनी गरिएको, ८ वटा कार्यालय र संस्थामा तोडफोड भएको छ भने एउटा व्यापारिक केन्द्र भाटभटेनीमा लुटपाट भएको छ ।*

*राजतन्त्र भएका मुलुकहरूमध्ये जापानीहरू आफूलाई प्रजा ठान्दैनन्, बेलायतीहरू रैती मान्दैनन्, नर्वेलीहरू आफूलाई दास र राजालाई मालिक पनि मान्दैनन् भने भुटानीहरू पनि देशमा राजा भएकोमा गौरवै गर्छन् भने हिजोका दिनमा दाम राखेर पाउलागी गर्नेहरूलाई राजा आउलान् कि भनेर आज किन हिनताबोध ?*


*नेपाली जनताहरूले कम्युनिस्टहरूलाई जति शक्तिशाली बनाउन प्रयास गरेपनि यीनमा मौलाउँदै गएको भौतिक बिलासिताका कारण अन्त्यमा सकेनन् ।जनताका नजरमा लोकप्रिय हुनका खातिर नारामा समाजवाद देखाएर यथार्थमा समाजवादप्रति उन्मुख हुन नपाउने गरि वर्षौंदेखि ढाँट र छल गर्दै कपटीपूर्ण व्यवहार गर्न खप्पिस कम्युनिस्टहरू साँचो अर्थमा फोहोरी राजनीतिका पर्याय बनेका छन् । अहिले देशलाई अराजकता र अनिर्णयको बन्दी बनाउन जति एमाले,माओवादीको भूमिका छ कांग्रेसको भूमिका पनि त्यो भन्दा कम नरहेको स्पष्ट देखिन्छ । जनता सचेत भएर यिनिहरूलाई ठीक ठाउँमा नल्याउने हो भने देश असफल राष्ट्र घोषणा हुन समय लाग्ने छैन ।*

*गणतन्त्रका हजारौं राजाहरूले सत्य र न्यायका पक्षमा सही काम,सही न्याय सुशासन र रोजगारीका अवसर सृजना गरिदिएका भए नेपाली जनजनले घर-घरमा यीनका प्रतिमा बनाएर भजन गाएर बस्थे र बिस्थापित राजसंस्थाका लागि हजारौं जनता सडकमा उत्रिने थिएनन् । वर्तमान परिस्थितिको मूल कारण भनेकै सरकारको गैह्र जिम्मेवारीपन,स्वेच्छाचारीता र जनविरोधी हर्कत नै दलहरूप्रति आम जनताको गहिरो निराशा र अविश्वास प्रतिबिम्बित भएको हो । गणतन्त्रको रक्षार्थ युवा संघ ढाल बनेर उभिनेछ भन्ने प्रधानमन्त्रीको अभिव्यक्ति र तीनकुने घटनाको रहस्य समयक्रमले उजागर गर्ने नै छ । सरकारले जबसम्म जनभावनाको सम्मान गर्न असफल रहन्छ, जनताका आवाजहरू विस्फोट हुँदै जानेछ ।*

*लोकतन्त्रमा समस्या समाधानका लागि लोकतान्त्रिक मूल्य र मान्यता अन्तर्गतकै बाटो अवलम्बन गरिनु वान्छनीय हुनेछ ।यसो नगरिएको हुनाले जनाक्रोश बढेको हो भन्ने कुरा हेक्का राख्नु पर्दछ । किनकि भिडको आँखा कान र विवेक हुँदैन ।त्यसैले आन्दोलनकारीको यथोचित माग र भावनालाई सम्बोधन गरिनुपर्छ ।*


*महिनौं देखि तलब नपाउँदा पनि आफ्नो पेशागत जिम्मेवारी उठाउँदै राजावादी आन्दोलनका छायाचित्र तथा फोटाहरू संकलन गर्दा गर्दै नृशंस रूपमा हत्या गरिएका सुरेश रजक र किर्तिपुर निवासी अर्का युवा सविन महर्जनको परिवारमा पर्न गएको बज्रपातलाई कुनै पनि मूल्यले चुकाउन सकिंदैन । हिजोका दिनमा जाँड खाएर मरेकाहरूलाई समेत शहीद घोषणा गर्न पछि नपर्ने देशद्रोहीहरू आज कुनै पनि दलका दास हुन नामञ्जुर गरिएका युवाहरू भएकोले होला कुनै पनि पार्टी र राष्ट्रीय मूलधारका भनिएका मिडियाहरूको प्राथमिकतामा परेका देखिएनन् । राजाबादीहरूको आन्दोलनका क्रममा ढलेका यीनका सपना एकदिन जरूर उठ्नेछ यही कामना गरौं ।*

# सम्झना बिर्सना



*अरूणबहादुर खत्री*

साहित्यकार सुभाषचन्द्र पौडेल भीमफेदीयाले लेखेको हो, सम्झना बिर्सना कथा-लघुकथासङ्ग्रह । यस कृतिको संस्मरण खण्डभित्र अभागी, अम्मल, उधारो टयाक्सी, कोख लगायत विभिन्न शीर्षकका सत्रवटा संस्मरणहरू छन् ।




अभागी शीर्षकको पहिलो संस्मरणमा आमाको सम्झनाको लागि कागजे छविचित्रसमेत नभएकोले आमाको रूपरेखा कोर्न सक्तिनँ । फुपू छउञ्जेल आमा भन्ने शब्द त कमसेकम उच्चारण गर्न पाउँथे तर अपसोच, नियतिले त्यो शब्द पनि मबाट खोसेर लग्यो भनेर भीमफेदीयाले लेखेका छन् ।

उधारो टयाक्सी संस्मरणमा उपत्यकाभित्रकै काँठतिरका विष्ट थर गरेका टयाक्सीचालकसँग बाटोभरि गफ गर्दै गइयो । आँखाचाहिँ छिन छिनमा मिटरतर्फ पुग्थ्यो कति रकम उठ्दैछ भनेर । उनले मिटरतर्फ हेर्नुपर्दैन भाइ, म अरूजस्तो बेइमान टयाक्सीचालक होइन, मिटर सही सलामत छ, बिगारेको छैन र मिटरमा जति उठ्छ त्यति लिने हो चिन्ता गर्नै पर्दैन भनेपछि म ढुक्क हुँदै कुनबेला बिमानस्थल पुगौं र दाजुलाई भेटीहालौ अनि ती उदार विचारका टयाक्सीचालकको पैसा बुझाइहालौ भनेर हतारिन थाले भनेर लेखिएको छ । यो पुस्तकभित्र भीमफेदीका प्रशस्त प्रसंगहरू छन् । जसले उनको भीमफेदीसँगको सम्बन्धको विविध पक्ष र पाटोलाई बुझ्न सकिन्छ र सँगसँगै बुझ्न सकिन्छ । उनको आफ्नो कथा, घरको कथा, स्कुलको कथा र तत्कालीन समयको कथा ।

अम्मल शीर्षकको संस्मरणमा चिकित्साशास्त्र सम्बन्धी सारा उपाय लगाएपछि पनि केही पत्ता नलागेपछि उनले हाम्रा साहिँलाबासँग जेठाबाका बारेमा केही सोधपुछ गरेछन् । आफ्ना दाजुका बारेमा सबै कुराका जानकार साहिँलाबाले सबै बेलिविस्तार लगाएको बारेमा लेखिएको छ । खाँचो शीर्षकको संस्मरणमा भीमफेदीका साहुमहाजनका छोराहरू मेरा बाल्यकालदेखिका साथी भएको कारण मैले उनीहरूको सङ्गत र लहैलहैमा कमर्स पढ्ने निधो गरे भने केशव धिताल आर्टस् पढ्न रत्नराज्य लक्ष्मी क्याम्पसमा भर्ना भयो । रत्नराज्य लक्ष्मी क्याम्पस भर्खर मात्र को-एजुकेशन क्याम्पस भएको थियो भनेर भीमफेदीयाले लेखेका छन् ।

संस्मरण खण्डमा भीमफेदीयाले बाल्यकाल, किशोर, वय, विद्यार्थीकाल र जागिरे जीवनका विभिन्न अवस्था र घटनाको संस्मरण गरेर लेखेका छन् । बाल्यकाल बिताएको भीमफेदीको भीमसेन मन्दिरको जात्रा, २००४ सालमा स्थापित स्कूलमा आफूले पढेको र पछि त्यही मास्टरी गरेको अरूको बारीमा फलफूल चोर्दा झण्डै ज्यान गएको, आर्थिक अभावको बेला टयाक्सीचालकले गरेको उपकार र त्यतिबेलाको दुःख कष्ट आदि प्रसङ्गहरू रोचक छन् ।

यस कृतिभित्र कुरौटे प्रकाशनको सन्दर्भ पनि उनले उल्लेख गरेका छन्, संक्षिप्त रूपमा । कथा-लघुकथा खण्डमा अर्थ-अनर्थ, आक्रमण, चस्का, फैसला लगायत विभिन्न शीर्षकका आठवटा कथाहरू राखिएका छन् । अर्थ-अनर्थ शीर्षकको कथामा मेरो मूकभाषामा रहेको अभिव्यक्ति मबाट मात्र न अरूबाट नै उनले धेरैपटक पाइसकेकी छिन् । मैले उनीमाथि लगाएको आरोप उनलाई प्रष्ट थाहा छ भनेर लेखिएको छ । बहिनीको पत्र शीर्षकको कथाभित्र आमा र मलाई आरामै छ । दाइलाई आरामै होस् भन्ने देउतासँग विन्ती छ । मदनदाइ अस्तिघर आउनु भएको थियो । मदनदाइले भनेको तपाई कवि हुनुभयो रे हो दाइ ? भनेर बहिनीले दाइलाई पत्र पठाएकी छिन् ।

रित्तो क्यानभास शीर्षकको कथामा दिन-प्रतिदिनको महँगी र अभावमा पिरोलिएर पनि शहरीया जीवन यापन गर्न खोज्दैछौं । साधारण अर्थमा भनौं बाबुको आशीर्वाद थापेर गाउँलेहरूको आश्वासन पाएर नै हामी शहर भित्रिएका छौं, एउटा हरियो लालसा, सुनौला बिहान र अमनचैनको सपना लिएर भनेर भीमफेदीयाले लेखेका छन् ।

लेखान्त शीर्षकको कथाभित्र काठमाडौंमा रहेको उनी घर पनि बेलाबखत गइराख्थिन् । आफ्नो पति हराएपछि धेरै ठाउँमा गएर उनको चिना देखाउँदा आखत हेर्ने ज्योतिषले उनको पति फर्केर आउने कुरा नबताए पनि जीवित नै छन् भनेकोमा उनी विश्वस्त र आशावादी भइन् भनिएको छ । सखते शीर्षकको अन्तिम कथामा अनिद्राले पिरोलिएको आँखा गाड्दै सखते उठ्छ । झ्याल खोल्छ । सूर्यको तातो राप आँगनभरि पोखिसकेको हुन्छ । मन नलागी नलागी ऊ उठ्छ भनिएको छ । ***लेखकः सुभाषचन्द्र पौडेल भीमफेदीया***

कृतिः सम्झना बिर्सना । विधाः संस्मरण, कथा-लघुकथा । प्रकाशकः भुँडीपुराण प्रकाशन ।

# अधिकारी बिमलाको बुबा शोककाव्य



झ्याउरे लोक छन्दमा अधिकारी बिमलाको 'बुबा' शोककाव्य लोकार्पित भएको छ ।

काव्य घर नेपाल मिडिया तथा झ्याउरे छन्दलय कविता लेखन पुनर्जागरण अभियानको संयुक्त आयोजनामा वैशाख ४ गते अधिकारी विमलाद्धारा सिर्जित 'बुबा' शोककाव्य लोकार्पण तथा झ्याउरे छन्दलय कविता बाचन कार्यक्रम सम्पन्न गरिएको हो ।

राजकुमार खड्गाको सभापतित्वमा प्रमुख अतिथि बरिष्ठ साहित्यकार प्रा.डा.गोविन्दराज भट्टराई, गुञ्जनकी अध्यक्ष जलेश्वरी श्रेष्ठ, प्रा.डा.रमेश शुभेच्छुक, प्रा.डा.सीता सुवेदी पन्थी लगायत अन्य अतिथिहरूद्वारा सामुहिक रूपमा कृतिको लोकार्पण गरिएको थियो । उद्घाटनपछि उक्त कार्यक्रममा गंगा खतिवडाद्वारा अभ्यागतलाई स्वागत गरिएको थियो ।

प्रा.डा.रमेश शुभेच्छुकद्वारा स्रष्टा, प्रा.डा.सीता सुवेदी पन्थीद्वारा समीक्षा गरिएको कृतिमा झ्याउरे लोक छन्दका सिर्जित ३४ उपशीर्षकका कविता सङ्ग्रह रहेका छन् ।

कार्यक्रममा प्रमुख अतिथिको मन्तव्य राख्दै प्रा.डा.गोविन्दराज भट्टराईद्वारा झ्याउरे हाम्रो नेपाली मौलिक मुटुको ढुक्ढुकी भएको बताए । रेणुका भट्टराईको प्रशंसा गर्दै अधिकारी बिमलाले झ्याउरे अभियानमा बुबा शोककाव्य मार्फत अर्को एउटा ईंटा थप्ने कार्यले खुशी तुल्याएको बताउँदै कृति सफलताको शुभकामना व्यक्त गरेका थिए । सो अवसरमा कृतिकार अधिकारी बिमलाले आफ्ना पिताको बियोगमा सृजित कृति 'बुबा शोककाव्यको लोकार्पण समारोहमा उपस्थित भई आफूलाई हौसला प्रदान गर्न पाल्नु भएका अभ्यागतहरू प्रति कृतकृत्य रहेको बताउँदै आभार व्यक्त गरिन् ।




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# शिक्षक असन्तुष्टि र राजनीति

शिक्षक, प्राध्यापकले पढाउने हो, राजनीति गर्ने होइन । तर बहुदल ल्याउने आन्दोलनमा होस् कि ०६३ सालको आन्दोलन, सबै आन्दोलन र राजनीतिक परिवर्तनमा शिक्षकको अहं भूमिका रहदै आएको छ । शिक्षकले आन्दोलन गरेर ल्याएको परिवर्तनको लाभ शिक्षकले खोज्नु स्वाभाविक हो । लोकतन्त्र शिक्षकले गर्न हुने, नहुने सबै कर्महरू गरेका छन्, बढीभन्दा बढी राजनीतिक पार्टीमा संलग्न भएर आफ्नो पढाउने कामभन्दा बढी राजनीतिक कार्यकर्ताको भूमिका निभाउन थालेका हुन् । यसकारण सामुदायिक शिक्षाको स्तर खस्कदै गयो । शिक्षाको गुणस्तर खस्केको जिम्मेवारी शिक्षक, प्राध्यापकहरूले सरकारतिर पन्छाउने गरेका छन् ।

यतिबेला नयाँभर्ना लिने, परीक्षाफल प्रकाशित गर्ने, प्लस टुको परीक्षा हुने समय हो । शिक्षक, प्राध्यापकहरू सडकमा आन्दोलन गरिरहेका छन् । आन्दोलनबाट उनीहरूले पेशागत हक, हित र सुरक्षा, सुविधा खोजिरहेका छन् । पहिले पहिले पनि राज्यले कबुल गरेको थियो, माग पूरा नभएपछि आन्दोलन गर्न बाध्य भएका हुन् । शिक्षक, प्राध्यापकलाई दिनैपर्ने सुविधाका सम्बन्धमा छलफल गरेर दिने कार्य हुनैपर्छ, उनीहरूले आफ्नो पेशागत सुरक्षा पाउनैपर्छ । तर पाउने सबै सुविधामा दावी गर्ने, लिने तर पढाउने विषयमा जवाफदेही हुन्न भन्ने सुविधा रहनुहुन्न । शिक्षकहरूको मर्यादा माथि हुनुपर्छ, सम्मान हुनुपर्छ । शिक्षकले पनि आफ्नो मर्यादामा बस्नुपर्छ, आफूले दिने शिक्षामा कुनै कमीकमजोरी राख्नु हुन्न । आजको सवाल यही हो ।

देशैभरिका सरकारी शिक्षकहरूले लामो सडक आन्दोलन गरे । राज्यसँग पहिले गरेका प्रतिवद्धता खोई ? भनेर कानुन मागे । राज्यका कारणले सरकारी स्कूलको स्तर खस्केकोमा कुनै संशय छैन । सरकारी स्कूलको स्तर उकास्न र निजी स्कूलहरूसँग प्रतिस्पर्धात्मक कसरी बनाउने भन्नेतिर राज्यको ध्यान गएन । यसकारण देशैभरिका शिक्षकहरूले राजधानीका सडकमा नाराबाजी गर्नुपर्‍यो, धर्ना दिनुपर्‍यो । साँच्चै भन्ने हो भने यसरी देशैभरिका सरकारी स्कूलका माष्टहरूले पठनपाठन, परीक्षाको जाँच, नयाँ भर्ना अभियानलाई छाडेर बाँच्ने कानुन खोज्दै राजधानीमा आउनु, सिटी बजाउनु, मैनबत्ती बालेर सरकार खोज्नु भनेकै लोकतन्त्रको असफलता हो । लोकतन्त्र जनताप्रति जिम्मेवार छैन भन्ने योभन्दा अर्को उदाहरण के हुनसक्छ ?

यसैवीच सर्वोच्चमा रिट पर्‍यो, नेपाली कांग्रेसलाई अदालतले कर्मचारी र शिक्षकलाई पार्टीको सदस्यता नदिनु भन्ने आदेश गर्नुपर्‍यो । यो नजिर हो र सबै पार्टीका लागि यही आदेशले काम गर्नुपर्छ । तर माष्टरहरूलाई पार्टीले कार्यकर्ता बनाएको कुरा सत्य हो, माष्टरहरूले आफ्नो जागीरमा खेताला पठाएर आफू पार्टीको काममा खटिएका अनेक उदाहरण पनि छन् । शिक्षकलाई कार्यकर्ता बनाउँदा सरकारी स्कूलको शैक्षिकस्तर खस्केको पक्कै हो । हुन त २०२८ सालदेखि नै शिक्षकलाई राजनीतिबाट परै राख्ने कानुनी व्यवस्था थियो । तर बहुदल, लोकतन्त्र आन्दोलतमा शिक्षकले महत्वपूर्ण भूमिका निर्वाह गरे । जसका कारणले शिक्षकहरूप्रति राजनीतिक पार्टी कार्यकर्ताजस्तै व्यवहार गर्छन् । जसका कारणले शिक्षकहरूको ध्यान पढाउने भन्दा पनि पार्टीबाट स्वार्थपूर्ति गर्नतिर जाने गरेको हो ।

२०७८ सालमा कांग्रेसको १४औं महाधिवेशनमा शिक्षक तथा प्राध्यापकहरूले कांग्रेसको विभिन्न तहमा उमेदवारी दिए, चुनिए । महाधिवेशन प्रतिनिधिसमेत बनेको देखियो । यही उदारहण दिएर सर्वोच्चमा रिट परेको थियो । त्यही रिटमा अहिले आएर आदेश भएको छ, शिक्षकलाई राजनीतिबाट टाढै राख ।

नेपाली कांग्रेस केन्द्रिय कार्य समिति र निर्वाचन आयोगमा दर्ता रहेका अन्य दलहरूलाई समेत राष्ट्र सेवकलाई राजनितिक दलको सदस्यता प्रदान नगर्नु, प्रदान गरेको भए खारेज गर्नु र राजनीतिक दलको सदस्यता लिएका राष्ट्रसेवकलाई बर्खास्त गर्नु र दलको निर्वाचनमा उम्मेद्धार नबनाउनु भन्ने विवादमा कांग्रेस, एमाले, माओवादी नै असहयोगी बनेका छन् । जसका कारणले शिक्षक, प्राध्यापकहरू खुलेआम राजनीतिमा संलग्न भइरहेका छन्, लाभ लिइरहेका छन् ।

# नेताहरूको हाँसो, गणतन्त्र नाङ्गेझार भइसक्यो




कुनै पनि दलका नेता दु:खी छैनन् । कुनै सांसद दु:खी छैनन् । कारण उनीहरूले गणतन्त्रबाट आवश्यकताभन्दा बढी लाभ लिइरहेका छन्, पदको दुरूपयोग गरिरहेका छन् ।

एकजना राजालाई किनारा लगाएर राष्ट्रिय राजनीतिक मुद्दाको अन्त्य गर्न सकेनन्, जसका कारणले यिनले जारी गरेको संविधान नै असफल हुनपुग्यो ।

अब संविधान संशोधन गरेर अघि बढ्ने बहस चलाइएको छ । यो बहसको अन्तर्य भनेको भ्रम छर्नु हो । किनकि जिवन्त बन्न नसकेको संविधानको सुधार गरेर राष्ट्रिय मुद्दाहरू संवोधन हुनेछैन ।

पुरानो संविधानमा फर्कने कि, नयाँ संविधान लेख्ने कि, भएको संविधानमा के के कुरा संशोधन गरियो भने राष्ट्रिय राजनीतिक मुद्दाको किनारा लाग्नेछ र शान्ति र समृद्धिको सुरूआत हुनेछ ? यसतिर बहस चलेकै छैन ।

राजालाई ठेगान लगाउने प्रतिषोधको अभिव्यक्ति र अहंकारकै कारण गणतन्त्रको १७ वर्षपछि पनि देशमा उज्यालो आउन सकेन । फेरि पनि उही गल्ती गर्ने कि गल्ती सुधार्ने हो ?

बिगत १७ वर्षमा गणतन्त्रवादी नामधारी नवबास्साहरूले गणतन्त्रलाई नाली नै बनाइसके । नाली गनाउने नै भयो । श्री ३ भन्दा निरंकूश बनेका छन् गणतन्त्र महाराजहरू । राजा फाल्यौं भन्नेहरू नवबास्सा बनेका छन् । गणतन्त्रमा गण छैनन्, यी गणपति बनेका छन् । गण सडकमा छन् । लोकतन्त्रमा विधि छैन, विधिजति राज्यसत्ताको फर्मानमा छ । राज्यसञ्जाल यिनकै छ, मनलागीतन्त्र पनि यिनकै छ ।

नेपालमा लोकतन्त्र छ भनिरहेका छन्, कसैले पत्याउँदैनन् ।

नेपालमा संविधान, संसद, सरकार छ, जनप्रतिनिधि छन् भन्छन्, आमनागरिकले पत्याउँदैनन् । गणतान्त्रिक लोकतन्त्र स्थापना भएको १७ वर्षमा राजनीतिक, कानुनी अव्यवस्था उस्तै छ । सडकमा डाक्टर, शिक्षक, कर्मचारीदेखि आमनागरिक बिद्रोह गरिरहेका छन् । गणतान्त्रिक लोकतन्त्र कान थुनेर बसेको छ । कान थुनेर समस्या सल्टिदैन ।

लाटो, बहिरो, कानो छ गणतन्त्र ।

नीति, विधि र विवेक मरेपछि राष्ट्र मरेतुल्य हुनेरहेछ । राष्ट्र जिवन्त छैन । भ्रष्ट र अनैतिक नेता जिवन्त छौं भनेर चलमलाईरहेछन् । यथार्थमा कायरहरू यसैगरी जिउँदै मर्छन्, जसले जनविश्वास र आस्था गुमाएका हुन्छन् ।

प्रकृतिले किन जनावरलाई आवाजमात्र दियो, मान्छेमा नवरस, नवरङ्ग र नवस्वरका वाणीहरू विद्यमान छन् ? यत्ति कुरा राजनीतिमा लाग्ने कुनै पनि दलका, कुनै पनि विचारका र कुनै पनि तह र तप्काका अगुवाहरूले बुझेनन् । हामीमा असभ्यता मौलाउनु र मानवताको हत्या भइरहनुको जरो यही हो । त्यसैले त समस्या बहुला कुकुर भएर घर, समाज, देश र हाम्रो सभ्यतालाई लेखटिरहेछ, समस्यासँग जुध्ने जब्बर साहस हामीमा कहिले पनि आएन । समस्याले हामीलाई टोकिरहेछ र हामी रगताम्मे भएर भागिरहेका छौं ।

हामी अवला नागरिक, जुनसुकै तह र तप्काका हाम्रा प्रतिनिधि पात्रहरू हुन्, तिनीहरूले कहिल्यै न्यायको पक्षमा उभिएनन् । जति अन्याय, विभेद, निषेध, समाजविरोधी क्रियाकलाप बढेका छन्, तिनका मूलद्वारा तिनै प्रतिनिधि पात्रहरू हुन् । चाहे ती नागरिक समाज, न्यायदाता, शासक, प्रशासक हुन् अथवा नीति निर्माता । नागरिक समाज, बुद्धिजीवी र विचारक हुन् ।

यस्ताबाट हामीले सुशासनको अपेक्षा गर्ने ? गणतन्त्र भनेको बोको देखाएर कुकुरको मासु बेचेजस्तै देखियो ।

कुशासन र भ्रष्टाचार, यो टेन्सन, राष्ट्रिय रोग हो । महारोग ।

००७ साल अघि सम्म देशमा राणा शासन थियो, डा. महेन्द्रप्रसाद श्रीवास्तव डाक्टर भएर स्वदेश आए । श्री ३ पद्मशमशेरले थाहा पाए र उनलाई लिन ६ घोडे बग्गी पठाएका थिए । डाक्टर श्रीवास्तवले महाराजको जय होस् भनेर दर्शन गरेपछि पद्मशमशेरले नाडी तेर्स्याएर सोधेछन्– मलाई जाँच् त ? के भएछ हेर् हेर् ?

डाक्टरलाई फसाद पर्‍यो । उनले नाडी समातेर भनिदिए– सरकारलाई टेन्सन देखियो ।

श्री ३ महाराजले भोलिपल्ट डाक्टर सिद्धिमणि आदी र डा.महेन्द्रप्रसाद दुबैलाई दरवारमा हाजिर हुन फर्मान





जारी गरे । दुबै डाक्टर आएपछि श्री ३ महाराजले सोधे– ए डाक्टर सिद्धिमणि, महेन्द्रे त मलाई टेन्सन छ भन्छ नि । तिमीले किन नभनेको ?

माफ बक्सियोस् महाराज, टेन्सन बढेको छैन, ठीक हुन्छ ।

ज्यान बाँच्यो, समस्या टर्‍यो ।

आज सिंहदरवार र शीतल निवासका श्री ६ महाराज, महारानीलाई कसरी रजगज गरिरहने, कसरी आफ्नो गुट बलियो पार्ने, कसरी बढीभन्दा बढी प्रभावशाली बनेर सुख भोग्ने टेन्सन छ । यो टेन्सन (तनाव) ले राजनीतिलाई गल्लीको भट्टीजस्तो, अर्धपागल नगरवधुजस्तो बनाइरहेको छ । सत्य बताइदिने कुनै डाक्टर महेन्द्रप्रसाद श्रीवास्तवहरू छैनन् । विवेक सबैमा छ, आवाज सबैको छ तर कसैभित्रको वाणी बोल्दैन, चेतना कोही खोल्दैनन्, विवेक मर्‍यो । लोकतन्त्र तुहियो । गणतन्त्र कुहियो । राष्ट्र नुहियो ।

गणतन्त्रमा गण निराश छन् । लोकले लोकका लागि ल्याएको लोकतन्त्र नेता र प्रभावशालीहरूले खोरिया र मौजा बनाएपछि खेर गयो लोकतन्त्र । लोकतन्त्र अघि पनि शोक, पछि पनि शोक बन्यो । जनताले पशुको जस्तो चिल्ला र चर्का बोलीलाई मीठो मसिनो भनिदिनुपर्ने भयो । मान्छेको जस्तो वाणी सुन्न पाइदैन लोकतन्त्रमा । मान्छेको जस्तो शासन छैन पद्धतिमा । दुर्दिनले पिछा छाडेन । नेतातन्त्रले अत्यधिक शोषण र निरंकूशता बढायो ।

अयोग्य शासक प्रशासकको आसनबाट गरेको शासन कसरी फलिभूत हुनसक्छ ? लोकोक्ति छ– माफ बार बार गर तर विश्वास एकबार गर । जनताले आफ्ना नेताहरूलाई बार बार विश्वास पनि गरे, माफ पनि गरे । फलत: नेता पुलपुलिन पुगे । लोकतन्त्र– अघिपछि अन्त चैतमा जन्त भयो । होस हराएका नेताको शासनले राष्ट्रले पहिचान हराउँदैछ । राष्ट्र बिफल हुँदैछ । भ्रष्टाचारको एकोहोरो आवाज सुनिन्छ, लोकतन्त्रमा किन जयजयकारको लोक आवाज कतै सुनिदैन ।

नेता छन्, नेतामा हुनैपर्ने नीति–शिक्षा, नैतिक–शिक्षा, सैन्य–शिक्षा, व्यूह–शिक्षा, राजनीतिक–शिक्षा शून्य छ । अशिक्षितको नेतृत्वमा दुर्गन्ध छ, सुनौलो पद्धति दुर्गन्धित हुनपुग्यो । अपरम्पार महत्वको माटोमाथि नेताहरू गन्धे झारमात्र छन् । ऐंजेरूले राष्ट्रको अस्तित्व समाप्त पारिदिन लाग्यो ।

३ करोड जनसंख्या भएको नेपाल, ६२ लाख नागरिक रोजी रोटी, अवसरका लागि विदेशीएका छन् । २ करोड ३८ लाख जनसंख्याका लागि ७ सय ६१ सरकार छन् । तीन तहको संरचना छ र हजाऔं साना राजाहरू छन् । पहिले ७० जना विशिष्ट थिए, अहिले ४ हजार ८ सय ६० पुगेछन् । यो लोकतन्त्र हो कि जोकतन्त्र ?

रमिता बन्यो गणतन्त्र नेपाल । जता पनि लाखेनाच ।

नेपाली युवाहरू अधिकांश मजदुर, यौनशोषणमा पार्न निर्यात गर्ने र तिनको शवलाई स्वागत गर्ने मुलुक भयो । पहिले बम्बैमा बेचिन्थे, अहिले कंगोसम्म बेश्यावृत्ति गर्न पुर्‍याइएका छन् । नारीहरू शरीरका छालाका लागि समेत तस्करी भइरहेका छन् । मानौं, नेपाल दासको मुलुक हो । संविधान भन्ने कागजको खोस्टो भइसक्यो । म्यारिज खेलको मालजस्तो जसले जसरी पनि अर्थ्याए हुने । यस्तो संविधानले सुखी, समृद्ध नेपाल बनाउने ? विधिको शासन दिने, आठौं आश्चर्य हो यो, जुन कहिल्यै पूरा हुन्न । नेपालको गौरव धुलिसात हुनपुग्यो ।

इम्परर न्यूक्लोथको बादशाहजस्तो, राजनीति जत्ति नाङ्गिए हुन्छ, जसले जसलाई जत्ति नङ्ग्याए हुन्छ । न राजकाजमा नीति छ, न राजनीतिमा नैतिकता ? संविधान किराले कोपरेको दस्तावेज बन्यो ।

लोकतन्त्र लोकमत, लोकइच्छा, लोकअपेक्षा, लोकसुझाव, लोकबल र लोकाचारको लक्ष्मणरेखालाई सबैले मान्नुपर्ने पद्धति हो । भ्रष्टाचारी टाउको उठाएर हिड्छ, दुराचारी आफै पुरिनेगरी माला लगाएर घुम्छ, मान्छेदेखि माटोसम्मका बलात्कारीहरूको मान सम्मान हुन्छ, जयजयकार गर्ने हामी नै हौं, हामी दास नभए के हौं ? वीरको मुलुक नेपालीत्व किन यसरी समाप्त हुँदै गयो, कतै चिन्ता छैन, चासो छैन ।

सिद्धान्तहीन, निष्ठाहीन नेताहरू भन्छन्– लोकतन्त्र ल्यायौं, लोकतन्त्र आयो ।

कहाँ छ लोकतन्त्र ? कहाँ छन् लोक ? भाषण गर्नेलाई लोकको हित के हो, लोकका लागि गर्नुपर्ने दायित्व के हो ? अत्तोपत्तो छैन । देखिन्छ, नेतृत्वको स्वार्थमात्र देखिन्छ । जिम्मेवारी कतै देखिदैन ।

सर्वहारावाद, समाजवादको सपना देख्नेहरू, सोम शर्मा बनिरहेका छन् । जो संसदलाई बोकाको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो भन्थे, आफूलाई प्रजातन्त्रको बिडा उठाउने पार्टी मान्थे, ती सबै बोकाको टाउको देखाएर कुकुर बेचिरहेका छन् ।

यिनलाई जनता मूर्ख भन्ने लागेको होला । आजका जनतालाई सधैं झुक्याउन सकिदैन । जति झुक्याउने झुक्याइसके ।

दैनिक ५० लाखको गुँदपाक र पुष्टकारी विक्रीहुने न्यूरोड गेटको श्रीकृष्ण गुदपाक भण्डारभन्दा पवित्र के थियो होला तर अनुसन्धान गर्दा दिशा, पिसाव र खकारसमेत मिसाइएको भेटियो । देशको निधारमा लोकतन्त्रको चहकिलो साइनबोर्ड त झुण्डिएको छ, यही साइनबोर्ड मुनी आपराधिक व्यवसाय फोहरको मूला फस्टाएभैं फस्टाइरहेको छ । हामी बिद्रोह गर्न सक्दैनौं । करियाले झैं टुलुटुलु हेरिरहेछौं । जतिसुकै दुखोस्, सहिरहेछौं । छैन हामीमा नागरिक हैसियत ? नागरिक त बोल्छ, हामी वाणी भएका नागरिक बन्न सकेनौं । नागरिक जाग्नैपर्छ ।

केही नागरिकले सडकमा असन्तुष्टि पोखे, नेतृत्वले टियरग्यास नै दाग्यो । गोली ठोक्यो । जसलाई पनि पक्रने र थुन्ने, मुद्दामा फसाएर जनता तर्साउने काम राज्यको बहादुर बन्न पुगेको छ ।

राज्यले बुझ्नैपर्छ, लोकको मुख थुनेर लोकतन्त्र देखिदैन । राज्य जिम्मेवार भएको भए आज सडकभरि लोक असन्तुष्टि पोखिरहेका छन् । भोलि भोलि आमनागरिक नै सडकमा उत्रिए भने राज्यले थाम्न सक्ला ?

परिवर्तनपछिका १७ वर्ष हेरेरै बिते । सहेरै बिते । जङ्गलीतन्त्र फस्टाइरह्यो । राजदरवार शितल निवास र सिंहदरवारमा सर्‍यो, सिंहदरवार र शितल निवास दिल्ली पुगेको छ । देशको शासक नेपालीले छान्नसक्ने स्वतन्त्र हैसियत समाप्त भइसक्यो ।

जनताका लागि लोकतन्त्ररूपी कालो पोते नपाउनेलाई तिलहरिको धोको मात्र हो । संवैधानिक शासन भनेर झ्याली पिट्नेहरू पिटिरहेका छन्, इन्टरनेशनल क्राइसिस ग्रुपले ब्रसेल्सबाट नेपालमाथि नै प्रश्नचिन्ह लागेको रिपोर्ट सार्वजनिक गरेको पढ्दैनन्, वर्ल्ड बैंक र एडीबीको कहालीलाग्दा अर्थव्यवस्था र जनजीवनबारेको तथ्य पनि पढ्दैनन्, वैदेशिक रोजगारीमा गएका नेपाली युवायुवतीमाथि दासजस्तो व्यवहार गरिन्छ भन्ने विभिन्न निकायको रिपोर्ट पनि पढ्दैनन् । लोक सरकारको दृष्टिमा लोक भए न पढ्ने हो, सत्ता र सम्पत्ति माथि मात्र नजर गाड्नेहरूलाई नागरिक जतासुकै मरून्, के मतलव ?


यसकारण त अन्तर्राष्ट्रिय विश्वास समाप्त भएको ग्रेलिष्टमा नेपाल परिसक्यो, गणतान्त्रिक लोकतन्त्र भन्नेहरूलाई कतै बिझेको छैन ।

बुझ्नेका लागि समुद्र शान्त हुन्जेल, रमाइलो लाग्छ । जब समुद्र उर्लिन्छ, सुनामी चल्छ र बितण्डा मच्चाउँछ । जनसमुद्र २०६३ सालमा उर्लेको थियो, उराल्नेको ठूलो लगानीले शान्त पार्‍यो र आफ्नै लागि सिंचाइ गरेर फसल फलाउँदैछन् । भोका नेपालीका लागि लोकतन्त्र कौवालाई बेल पाकेभन्दा भिन्न रहेन । यिनै लोक फेरि सडकमा निस्कन थालेका छन् । आमनागरिकको समुद्र उर्लियो भने के होला ?

नेतातन्त्रको अहंकार अति भयो । राजनीति गर्ने र राजकाज चलाउनेहरूले नाकलाई फोहरको गन्दे नालीमा धेरै जोते । गणतन्त्रमा टुकुचा गनाउन थाल्यो । हैजा संक्रमित फोहरी नाक बोकेर नेपाल कतिदिन विश्व समुदायमा सभ्य भएर उभिन सक्छ ? यस्तो निर्लज्जता, अमानवीय, असभ्य आतङ्क अब रोकिनुपर्छ । किन ०१७ साल आयो, सबैले बुझ्नुपर्छ, पढ्नुपर्छ । महादेवले पागलजस्तो भएर सतीदेवीको शव बोकेर हिँडेजसरी संविधानको शव बोकेर बोकेर कतिदिन हिडिरहने ? संविधानको शबको गन्दकीले सिङ्गो नेपाल दुर्गन्धित भइरहेको छ । नेताहरू दुर्गन्धलाई गणतन्त्रको सुगन्ध भनिरहेका छन् । जुन कुरा गणले पत्याउन छाडेका छन् ।

समय अर्को परिवर्तनको संघारमा पुग्यो । जनताले अर्को परिवर्तन खोजे । डाक्टर सडकमा, शिक्षक, प्राध्यापक सडकमा छन् । बैंक, लघुवित्त, मिटरब्याज पीडित, बलात्कारपीडित सडकमा छन् । कर्मचारी सडकमा छन् । हरेक बर्ग असन्तुष्टि पोखिरहेका छन् । नेताहरूको आलोचना गरेर नेतृत्वको हाँसो उडाइरहेका छन् । गणतन्त्र नाङ्गेझार भइसक्यो, नाङ्गेझार ।

# शिक्षालयमा राजनीतिभन्दा राजनीतिमा शिक्षाको खाँचो



सुरेशकुमार पाण्डे

नयाँ वर्षको सुरूमै पहिलो पटक एउटा नयाँ काम भयो । अध्यापक द्वारा राजनैतिक पार्टीको सदस्यता प्रमाणपत्रमा आगो लगाउने । यद्यपि उनिहरू लामू समय देखि नयाँ शिक्षाको लागि आन्दोलनरत छन् ।

नेपाल शिक्षक महासघले कक्षा दशको परिक्षा सकिए लगातै काठमाण्डौमा जम्मा भई आन्दोलनरत छन् । उनिहरूका केही माग लामू समय देखि चल्दै आएका छन् । खास गरि शिक्षकहरूको ब्राति विकास, सेवा सुरक्षा र समग्र शैक्षिक गुणस्तरमा सुधार गर्ने उदेश्यबाट प्रेरित छन् । अस्थायी शिक्षकको स्थायिकरण, राहत शिक्षकको दरबन्दि व्यवस्थापन, विद्यालय कर्मचारिको स्थायित्व, प्रारम्भिक बाल शिक्षाको व्यवस्थित प्रावधान, कक्षा१२सम्म निशुल्क शिक्षाको प्रभावकारी कार्यन्वयन्, शिक्षकको पेन्सन र तलवमा सुधार, प्रधानाद्यापक नियुक्ति प्रक्रियाको पुनरावलोकन, शिक्षक बढुवाप्रबिधिमा पारदर्शिता, शिक्षक काउन्सिलको आवश्यकता सरूवा तथा मुल्याङ्कन प्रकृयामा निष्पक्षता, दुर्गम भत्ताको ओचित्य, दरबन्दीको वैज्ञानिक व्यवस्थापन, निजी विद्यालयका शिक्षकको हक हितको संरक्षण र ट्रेड यूनियन अधिकारको सुनिश्चितता जस्ता बिषयहरू आन्दोलनमा उठाइएका छन् । यी मागहरू कति जायज छन् वा यसलाई राजनीतिसँग जोड्न मिल्छ वा मिल्दैन । यसबारे छुट्टै छलफलको बिषय हो । यो आन्दोलनले कक्षा १२लाई प्रभावित पार्नेछ भन्ने कुरा प्रष्टै छ ॥

वास्तबमा मानव समाज भनेको सबै जिव जन्तु पशु पंक्षी सम्पूर्ण प्रराणी मध्यको सबैभन्दा चेतनशील, विवेकशील सहनशील प्राणी हो । प्रत्येक ठोकरबाट शिक्षा हासिल गर्ने र सचेतहुने आँट राख्छ । ढिलो चाँडो ज्ञान आउँनु भनेकोलाई सकारत्मक रूपमा लिनुपर्छ ।

शिक्षकहरूले यस्तो काम सुरू गरेकोमा बधाईका पात्र पनि छन् । साथै हामिले पनि सफलताको लागि शुभ कामना पनि दिनैपर्छ । यो काम गणतन्त्र आएपछि तुरून्तै भएको भए सरकारी पाठशाला अलि बलिया हुनेथिए र अहिलेको दुर्गतीबाट जोगिने थिए । अहिले भने विद्यालयको अबस्था अत्यन्तै दयानप्य छन् । विद्यालयले जुन बिश्वास गुमायो त्यो अब सितिमिती प्राप्त हुने छैन ।

जे होस् कम्तिमा शिक्षकहरूलाई अनुभव भयो । शिक्षक जिम्मेवार हुनैपर्छ । शिक्षक कर्मशील हुनैपर्छ ।

सरकारी विध्यालयहरूको आजको अबस्थामा आउनु स्वयम शिक्षकहरू राजनैतिक गुटमा बिभाजित हुनु मुख्य कारण हो । सरकारी विद्यालयहरूको अबस्था यहाँ सम्मको बनेको छ की स्कुलमा विध्यार्थी छैनन्, कतै शिक्षक छैनन् । स्कुल भवन रित्तिएका छन् यो सबै शिक्षकको राजनीतिकरण र विध्यार्थि समेतको राजनीति गुटमा बिभाजन हुन काफी हदसम्म जिम्मेवार छन् ।

जसले अध्ययन् गर्न गएका युवा बाल बालिकाहरू पार्टीमा बिभाजित हुने र आपसमा झगडा गर्ने अखाडाको रूपमा विध्यालयहरूको बर्तमान अवस्थामा ढिला भएपनि शिक्षकहरूले सुरूगरेको कामले नयाँ समिकरणको सुरूवात हुनेछ । अहिलेसम्म राजनीतिको नर्सरीको रूपमा रहेका सामुदायिक विद्यालयमा अविभावकहरूले शिक्षाको आशा गर्न सक्ने बातावरण बन्नेछ ।

त्यो इमानदारीताका साथ भयो भने मात्र । यो हात्तीका दाँत नहोस् भन्ने कामना गर्नुपर्छ । मानिसमा लागेको रोग निको हुन्छ तर लत भ्यास्सै निको हुँदैन । यो पनि राजनीति एक प्रकारको लत नै हो । हामीले देख्छौं कसैले आफ्नो लत छाड्न मन्दिरमा पुग्छन्, काँशी गयाजी पुग्छन् तर त्यहाँ छोड्ने वाचा गरेपछि पनि गाउँमा फर्केर फेरी सुरू गर्छन् । मैले आफ्नै आँखाले देखेको कयौँ जड्याले रक्सि छोड्न छोरा छोरीको कसम खान्छन् तर भोलिपल्ट त्यो भुलेर फेरी खान थाल्छन् । कयौँले त सामाजिक संगठनको सम्मेलनहरूमा अब कहिल्यै बिंडी सिग्रेट खानेछैन भनेर मञ्चमा झुण्डाएको भोलि पल्टै धुवाँ फाल्दै हिंडेको देखिन्छ ।

म आफैले पनि राजनीति गतिबिधीमा शिक्षक विध्यार्थिहरू कालेज भन्दा तलका विध्यालयहरूमा राजनीति बर्जित गर्नु नै ठिक हुनेछ भनेर लगातार आवाज उठाउँदै आएको छु । यसबारेमा सबै पार्टीहरूले आ आफ्नो स्तरबाट पहल गर्दै जानुपर्छ भन्ने मलाई लाग्छ ।

हुन त हामि सबैले गर्भै देखि राजनीति गर्दै आएका हुन्छौँ ।उधारणका लागि भनिन्छ शिशु जन्मिदा बित्तिकै रोएर आफ्नो अधिकारको माग गरेको हुन्छ । त्यो पनि राजनीति नै हो । भलै त्यो एकप्रकारको कुद्रती देन हो । मानिसको जन्म भएपछि नै समाजमा उसले राम्रो नराम्रो ज्ञान हासिल गर्ने हो । रित्तो मानसपटलमा अनुभवहरूको भण्डारण गर्ने र शिक्षित हुँदै जाने हो ।

तरपनि राजनीतिमा लागेर केही सिक्नुको सट्टा बिभिन्न पार्टीको झोले बन्छन् र एकले आर्काको बिरूद्धमा लडाइ झगडा गर्ने होड हुन्छ । मेरो गरूको बाह्रै टक्का भन्ने उनिहरूको व्यवहारले समाजमा अराजकताको बातावरण श्रृजित हुँदै आएको पक्कै छ ।

राजनीतिमा प्रवेशको पनि आयु सिमा निर्धारित गर्नुपर्छ । अठार वर्षको उमेरसम्म त मानिसहरूमा बालपन ठटौले पारा नै हुन्छ । यो उमेर भनेको लेख्ने पढ्ने र खेलकुद गर्ने सिक्ने अबस्था हो । राजनीति भनेको त देशलाई हाँक्न सक्ने, समाजको प्रतिनिधित्व गर्नसक्ने क्षमताको बिकास भएको हुनुपर्छ ।

त्यसको लागि गहन अध्ययनको आवश्यकता हुन्छ । गुरूहरूको त्यस्तो बातावरणको आधार तैयार पार्ने जिम्मा हुन्छ । उनिहरू कर्तव्यनिष्ठ हुनैपर्छ । आफ्नो स्वार्थ पुरागर्ने हतियारको रूपमा विद्यार्थीलाई प्रयोग गर्दै आएकाछन् ।

विद्यार्थी, प्रहरी, फौजी, शिक्षकहरूमा देशभक्ति भावनाले ओतप्रोत हुनुपर्छ तर पार्टीको पक्षमा नारा जुलुस आफ्नो कार्यकालबाट अबकास प्राप्त नहुँदासम्म रोक लगाउनु पर्छ । अचेल हाम्रो देशभित्र त वकिल जजहरूको पनि राजनैतिक कोटा बाँड फाँड हुन्छ । यसो भएपछि कसले न्याय पाउँछ । देशको विकास कसरी हुन्छ ? स्कुलहरूलाई विद्याको मन्दिर भनेर कसरी भन्न सकिन्छ ?

सबै सरकारी विध्यालयहरूमा राष्ट्रिय पोषाक, सबै सरकारी हाकिम स्तरका पद्हरूमा र संसदमा राष्ट्रिय पोषाक अनिवार्य हुनुपर्छ । राष्ट्रिय परिचय पत्र नागरिकतालाई नै मान्नुपर्छ । त्यसमा राष्ट्रिय पोषाक र राष्ट्रको चिन्ह अंकित हुनुपर्छ । यो हाम्रो देशलाई संसारमा चिनाउँने एउटा माध्याम पनि हो । कुनैपनि देशको छुट्टै पहिचान हुनु अनिवार्य हुन्छ ।

देशमा गणतन्त्र आएपछि सबैभन्दा पहिले राष्ट्रिय चिह्नहरूमा प्रहार गरिएको छ । शिक्षामा प्रहार गरिएको छ ।राष्ट्रिय सम्पतिमा आकार्मण गर्दै निजिकरणमा जोड दिइएको देखिन्छ ।

यही व्यवहारले गणतान्त्रिक व्यवस्थालाई विदेशीहरूले प्रयोग गर्दै आएकाछन् । खास गरेर छिमेकी मुलुक भारतको प्रभाव स्थानिय निकायबाट संसदसम्म परेको देखिन्छ ।

देशभित्र पाठशालाहरूको कम्जोरीले नै बोडिङ्गको बजार बनेको छ ।यी बोडिङ्ग स्कुलहरूमा बालबालिकाहरूको भिड हुन्छ तर सरकारी स्कुलहरू सुक्दै गएका छन् । सरकारी स्कुलमा आर्थिक जुटाउँन महाज्ञा गराइन्छ तर प्राइबेट स्कुलमा धमाधम आर्थिक उन्नति भएको छ । थोरै फिस लिएर राम्रो शिक्षा पाउँदा पनि सरकारी स्कुल रोज्न छाडेर अबिभावकले नै बोडिङ्ग रोजेका हुन्छन् । सरकारि कर्मचारी, जनप्रतिनिधिका बाल बालिकाहरूलाई सरकारी स्कुलमा भर्ना गर्न अनिवार्य गराउनुपर्छ ।

देश जोगाउन विदेशीहरूलाई ग्वारने चलन बन्यो । यसैको परिणाम आज देशमा प्रतिगमनले सिर उठाएको खरोखास हो । गणतान्त्रिक व्यवस्थामा जनताको अबस्था दयानिय र राष्ट्र भिरमा झुण्डिएको वेलामा जनता आक्रोशित हुँनुलाई नजायज् भन्न सकिदैन । यद्यपि गणतन्त्रको विक्लप राजतन्त्र हुनसक्दैन । अब पुरानो कुरा गरेर हुन्न, नयाँ सोच र जिम्मेवारीको कुरा हुनुपर्छ ।

जनताहरूले त्यो व्यवस्थाको अनुभव गरिसकेका छन् । अबको शंघर्ष भनेको देशको रक्षा र गणतान्त्रिक व्यवस्थालाई बलियो बनाउने सबै धर्म जात भाषाहरूको सम्मान् र सम्रक्षण गर्ने । हामी सबैको योजना हुनुपर्छ । यद्यपि सम्विधानमा पनि कयौँ कम्जोरिहरू छन् पहिलो सङ्घीयताले देशलाई ऋणि बनाएको छ । सङ्घीयता आर्थिक भगौलिक र सामारिक रूपमा पनि देशको हितमा छैन । सङ्घीयतालाई खारिज गर्न पहल गर्नु आजको प्रमुख आवश्यकता हो ।

आर्को व्यबहारिक पक्ष हामी सबै राजनैतिक पार्टीहरूले चुनावको वेलामा जनताको बिचमा आ आफ्ना घोषणापत्रमा उल्लेख गरिएका सबै बुँदाहरूलाई व्यवहारमा पुष्टी गर्न सक्नुपर्छ । यदि कुनै कारणबस एकाद बुँदा पुरा हुँनसकेन भने कारण सहित सार्वजनिक गर्नुपर्छ । हाम्रो संसदिय व्यवस्था सम्वैधानिक रूपमा समावेसि प्रकारको उल्लेख छ तर त्यो मात्र सम्विधानमा सिमित रहेको जस्तै देखिन्छ । समावेसि र समाजवाद अन्मुख उल्लेख गरेर मात्र पुग्दैन । देश अहिले पनि पिछडिएको अर्ध उपनिवेसिक अबस्थामा छ । देशले निकास पाएको छैन ।

हाम्रो प्रत्यक्ष र समानुपातिक मिश्रृत संसदिय प्रणालि छ । यो समानुपातिक कोटामा पनि हुनेसम्म भ्रष्टाचार भएको देखिन्छ ।समानुपातिक कोटा भनेको संसदमा पुग्नै पर्ने राष्ट्रियता र गणतन्त्रको खम्बा कुनै कारण पुग्न नसकेपछि पार्टीले उनिहरू कुनै जाति र वर्गको प्रतिनिधित्व गर्न सक्षमहरूलाई संसदमा पठाउँनु पर्नेमा राजनैतिक पार्टीका नेताहरूले आआफ्ना आसेपासे र आफ्नो आदेशमा जेपनि गर्नसक्नेहरूलाई मनोनित गरेर पठाएका हुन्छन् । चुनाव आयोगले यसबारेमा पनि गहन अध्ययन गर्नुपर्ने आवस्काता देखिन्छ ।

यो समानुपातिक कोटा पार्टीको मतानुसार कम गरेर जानुपर्छ ।

अहिले प्रदेशमा ३३० प्रत्यक्ष छन् र २२० जना समानुपातिक यसरी प्रदेशमा ५५० जना सभासद, र प्रतिनिधि सभामा समानुपातिक ११०, जम्मा प्रतिनिधि २७५, राष्ट्रिय सभा ५९जना यसरी सङ्घीय संसदमा ३३४ जना जम्मा ८८४जनाको जम्वो टीमलाई जनताको करले पाल्न बाध्य भएकाछन् । यस्तो अनावश्यक खर्चलाई कटौती गर्नु जरूरी छ ।

देशमा महंगी नियन्तरण गर्ने, जनताको आवाज बनेर उनिहरूका प्रतिनिधिहरू पक्ष विपक्षले देशका हितमा आवाज उठाउँने र मैत्रिपूर्ण छलफल चलाउँने प्रयास गर्नुको सट्टा संसदमा कुर्सी फालाफाल सडकमा ज्वाला बालाबाल गरेर आपसमा मारकाट गर्दा कसलाई फाइदा हुन्छ ? यसबारेमा सबै दलहरू गम्भिर बन्नुपर्दछ ।

हाम्रो देशमा १७ वर्षमा पन्द्रवटा सरकारहरू बनिसके आखिर केका लागि ?नत देशको कतै बिकास भएको छ,न नयाँ कतै कारखाना खुल्यो । अहिले पनि मज्दुरको निर्यात गर्ने मध्य विश्वमा देश नेपालनै छ,गरिबको रेखामूनि छ ।

उत्पादन शुन्य छ । यस्तो अवस्थामा राजनीति प्रतिसप्रधाका स्कुलहरूलाई अखाडा बनाउनु ठिक होइन ।

हो कुनैवेला देशमा निरूंकूश शासन थियो, पाठ्यापुस्तकहरू दरबारमूखि बनेका थिए । त्यो वेलाको शिक्षा प्रणालीको बिरूद्धमा विद्यार्थिहरू लामबद्ध हुनु समयको माग पनि थियो । विद्यार्तिहरूको आन्दोलन राजनैतिक आन्दोलनको रूपमा परिणित भयो । अब व्यवस्था फेरियो, अवस्था फेरिएन । जवाफदेही भएको पनि देख्न पाइएन ।


तर दिनदिनै आन्दोलनले गर्दा बिकासको सट्टा बिनास हुँदै आएको देखिन्छ । अहिलेपनि शिक्षक आन्दोलनले सरकारको भविश्य नै समाप्त हुँने देखिन्छ । जेहौस् यदि स्वतन्त्र रूपमा शिक्षा सम्वन्धि माग आगाडी सार्ने र कुनैपनि राजनीति पार्टीबाट छुट्टै ट्रेड युनियनको रूपमा गरेको आन्दोलन्ले विद्यार्थिको भविश्य समेतको खयाल राख्यो भने त्यो स्वागतयोग्य बिषय हुनेथियो । अहिले जुन राजनीति पार्टीको सदस्यता जलाएर स्वतन्त्र हुने आँट गर्नु शिक्षकहरूले दिएको राम्रो संदेश हो । अन्य पार्टीहरूमा पनि देश र जनताको हितमा कार्य गर्नुपर्छ ।

अहिलेको अबस्था भनेको सम्विधान सभा द्वारा देशभित्र इतिहासमा पहिलो गणतान्त्रिक सम्विधान आएको छ । सम्विधानमा रहेका तमाम कम्जोरिहरूलाई बुँदागत रूपमा मैत्रिपूर्ण छलफल द्वारा थपघट गर्ने बातावरण बन्न सक्छ । बिरोधको लागि बिरोध नगरी राष्ट्रिय एकता र अखण्डता कायम गरौँ । देशमा झिना मसिना विकास गरेर देशलाई आत्मनिर्भर गराउँन सबैको उत्तिकै जिम्मेवारी हुन्छ र हुनुपर्छ । हाम्रो देशमा विकासका तमाम साधनश्रोत पनि छन् । तिनको सदुपयोग गर्नुपर्छ । अहिले बरू शिक्षामा राजनीति होइन राजनीतिमा शिक्षाको अत्याधिक खाँचो छ । यो बहस हुनुपर्छ ।

सडकमा शिक्षक छन्, शिक्षकले आफ्नो हक, हित र लाभका कुरा उठाएका छन् । जनताले साथ र समर्थन गरेका छन् ।

तर, शिक्षकहरूले शैक्षिक स्तर उकास्न दत्तचित्त भएर लाग्ने कुरा गरेको सुनिएन ।

# नेताकै मात्र जय हुने भए



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

फागुन ७ गतेको सन्देश के आयो, राजाको झाँको झार्न दलहरू कस्सिए ।

नयाँ वर्ष २०८२ को सन्देश के आयो, कसैले परिवर्तनको मार्गचित्र भने, कसैले सहमति, सहकार्य र संवादको आह्वान भने, अर्थ अनेक लगाइयो ।

मोवाइलको जमाना छ, सबैको हात हातमा भएको मोवाइलमा सन्देश होस् कि अरू केही, लाइक र कमेन्ट गर्नेहरू लाखौं देखिन्छन् । सुदूर गाउँमा रहेका रामवीरे साइँला शाही पनि कतारबाट छोराले पठाइदिएको स्मार्टफोनमा शाहको भिडियो सन्देश हेरिरहेका थिए । भिडियो सन्देशमा २०८१ साल घनघोर निराशाजनक भएको र पृथ्वीपथ नै राजनीतिको मूल सार भएको भनेपछि रामवीरे साइँला शाही हेरेको हेर्‍यै भएछन् । पृथ्वीपथको चर्चा चुलियो ।

स्मार्टफोनलाई यसो चलाउँदै गरेको रामवीरे साइँलाले एकातिर भिडियो सन्देश अर्कोतिर तीनकुनेको दनदनी बलेको घरको भिडियो पनि हेर्न भ्याइहाले । अनि त्यही भिडियोको छेउमा लेखेको अक्षर पनि कनिकुथी पढे । पछिल्लो समय सामाजिक सञ्जालमा पोस्ट्याएका भिडियो त्यसमा लेखिएका कुराले मान्छेलाई मनोरोगी बनाइदिइसकेको छ । जसरी क्यान्सरका रोगीहरू बढ्दै छन् महामारीका रूपमा मनोरोगीहरूको संख्या पनि बढ्दै गइरहेका छन् ।

हिजो पञ्चायती शासन राम्रै भोगेका रामवीरे साइँला आफैं पनि बाइसे चौबिसे राज्य हुँदाका राजखान्दानका भनेर नाक फुलाउँछन् । माइला राजाले पृथ्वीपथ नै राजनीतिको सार हो भन्दा दंग परे । उनले हत्त न पत्त काठमाडौंमा बसेको भतिजलाई फोन गरेर सोधे, 'होइन हो भतिज यता मोबाइलमा त के-के हुन्छ भन्ने कुरा आयो त, के हो कुरा ?'

ठूलो बाजेको कुरा सुनेर भतिज भन्दै थिए, 'गरिरहेको छ त, गाउँ सहर घुमेकै छ जयजयकार मनाकै छ । त्याँ भन्दा के चाहियो र ठूलो बाजे ।' रामवीर साइँलाले बुझेकी बुझेनन्, अँ अँ भने । यताबाट भतिजले उत्तर दियो, 'सुन्नुस् ठूलो बाजे, पहिले एउटा राजा थिए । तम्रा गाउँमा अहिले कति राजा भए देशभरिमा ? गनतन्त्रले धेरै राजा बनायो । देश सक्कायो रे ? त्यही भएर उ बेलाँ दिएको नासो फेरि जनतासँग फर्काउन सबैको साथ मागेको रे ? जनताले साथ दिनेछन् ।'

रामवीरले फेरि प्रश्न गरे, 'त्यो होइन हो गाउँमा त कहाँ छन् र नेताहरू सबै सदरमुकामतिरै होलान्, राजधानीमै बैठकाँ आका होलान् नि ? पालिकामा कहिल्यै भेटिन्नन् !' उही जेठ लागेसी डोजर कुदाउने र ठेकेदारलाई पैसा बाँड्ने बेलामात्र टुप्लिन्छन् ! 'त्यही भएर नि होला कहिले के सन्देश कहिले के सन्देश लिएर आका । ठूलो बाजे अरू के छ त गाउँतिरको खबर ?,' भतिजले यताबाट सोध्यो ?

'ठिकैछ । अरू के हुनु ! गाउँमा त उही हामी जस्ता बूढाबूढीबाहेक को नै पो छ र ? सबै मुग्लान गाका छन् नि ! यसपालिको दसैंतिहारमा त गाउँ रित्तो भो बाबै । अरू बेला के हुन्छ र !' 'के गर्नु हो ठूलो बाजे गाउँमा माटो जोतेर पेट पाल्न पुग्दैन सबैले आफ्नो केही त गर्नै पर्‍यो । गाउँमा बसेर भइदिएको भए त किन छाड्दो होलान् र गाउँ ?,'

'हुन त हो क्यार तर पनि यहाँ त मरेको लास बोक्न पनि मान्छे पाउन मुस्किल भो त ! खेतबारी सबै बाँझो भए । खेती हुन छाड्यो, जंगल बाँदर गाउँ पस्न थाले । गाउँमा घर त सबै रित्ता छन् । तिम्रा काइँलाका खलक पनि सदरमुकाम छिरे क्यारे । अब त को नै पो छ र हामी दुई-चार घरकाबाहेक !' काकाले लामो श्वास फेरे ।

भतिजले भन्यो- 'हाम्रा पनि धेरै दुःख छन् हो ठूलो बाजे । गाउँमा बरू पैँचो मागेर पनि बाँचिन्थ्यो । सहराँ त काम नगरे भोकै मरिन्छ । गाउँका नेता भए पनि हेर्ने होइनन् । उनकै कार्जेकर्तालाई नै पुग्दैन । आफ्नो छोरानातिका पालासम्म पुग्नेगरी सम्पत्ति जोड्दै राजनीति गर्‍या छन्, अनि कसरी होला त ?'


रामवीरले उताबाट भने, 'ठिकै भनिस्, पहिलेपहिले भए पो सबैको जय होस् । सबैको भलो होस् । कसैले पनि भोकै पर्न नपरोस् भन्ने दिन थिए । अहिले त आफ्ना पेट भर्न पाएसी पुग्छ । त्यसोभए के हुन्छ त अव ?' जिज्ञासा राखे ।

भतिज भन्दै थियो, 'केही पनि हुँदैन । जुन जोगी आए पनि कानै चिरेका हुन् ।' भित्रै मनदेखि नमिठोसँग उसले भन्यो, 'तिम्रा हाम्रा अवस्था नफेरिएसम्म व्यवस्थामात्र फेरिएर केही हुन्न, नाममात्रको व्यवस्था फेरिने टुप्पीको मान्छेमात्र फेरिएर के काम ? मर्ने र मारिने त उही गरिबकै सन्तान हुन् !'उताबाट बूढाले सान्त्वना दिँदै भने, 'लौ लौ बचेर हिँडेस् आन्दोलन सान्दोलन भनेर नहिँडेस्, आफ्नो कर्म जे हो त्यही गरेस् । देश लुटिसके । हामीसम्म घिटीघिटी गाउँमै बसौंला । आफ्नो जीउ सुरक्षित राखेस् । विचार पुर्‍यायस् ।'

उता ठूला बाजेको सन्देशले भतिज खिन्न भयो । 'हस् बरू त्यतातिर पनि ख्याल गर्नु ।' दुवैले फोन काटे ।रामवीरे साइँला शाहीको अनुहारमा खुसी थिएन । होस पनि किन राजधानी बसेको भतिजले सुखैको कुरा सुनाउँला भन्ठानेका थिए । दुखकै कुरा सुनेपछि डाँडामाथिको घामजस्तै भएर बसेका उनको मन रूनु त स्वाभाविकै थियो ।

गाउँभरि बाबा आमा छन् । रामवीरे साइँलामात्र होइनन् नि । ७५ नाघेका धेरै बा आमाहरूको अवस्था उस्तै छ । कानले सुन्दैन । मस्तिष्कले बिर्सन थालेको छ । उमेरले नेटो काटिसकेको छ । जन्मेको माटो नै बिरानोजस्तै हुन थालेको छ । राजनीतिमा जिन्दावाद, मूर्दावाद चलिरहेको तिनलाई के अर्थ भो र ?

अघिल्लो वर्ष जे भयो, भयो, नयाँ वर्षमा दे र जनताको जय होस्, यत्ति सुन्न पाइयो भने ठूलो कुरा हुनेछ ।



# Nepal's Historical Cycle: Three Centuries of Disintegration, Integration, & Disintegration

**Dr. Alok K. Bohara**

This piece follows up on my earlier discussion, where I used complexity science to explore how Nepal's current predicament is shaped by two intertwined maladies: elite overproduction and widespread popular dissatisfaction (immiseration). The central question I raise now is whether Nepal is edging toward a tipping point.

To better understand this trajectory, it's essential to examine Nepal's history and revisit key events of the past, beginning with its unification under Prithvi Narayan Shah around 1738, followed by a century of Rana rule starting in 1848. Nepal then entered the dawn of democracy after the overthrow of the Ranas, ushering in a highly anticipated Enlightenment period beginning in 1950. I argue that the nation has undergone successive phases in a distinct order: disintegration (1738–1848), integration (1848–1950), and once again disintegration (1950–2050), each lasting roughly a century. The current phase, which began around 1950, is now trending in an increasingly alarming direction, marked by deepening instability and disillusionment. The integration phase is characterized by relative stability, while the disintegration phases are defined by uncertainty, conflict, and institutional breakdown.

Each phase in Nepal's historical cycle bears the imprint of four interwoven factors—elite overproduction, popular immiseration (mass disenchantment), state weakness, and the prevailing geopolitical environment—in varying degrees and combinations. These factors appear to drive the recurring cycles of integration and disintegration. Such cyclical patterns are not unique to Nepal—they recur throughout history in other societies as well. I will later draw a comparison to France to illustrate this broader historical phenomenon (See Appendix).

In this paper, I use these four factors to examine how Nepal has transitioned from one phase to another. I conclude with a few proposals for reform that could help usher Nepal into its next integrative phase—or else leave it confronting the unthinkable.

Disintegration Phase: Geographical Consolidation and the Birth of a Nation Amidst Wars

Nepal's entry into viable nationhood began with Prithvi Narayan Shah around 1738, during a time when the region was fragmented into numerous warring kingdoms, famously known as the Baise and Chaubise Rajas (22–24 petty kingdoms). Over the next century, the country was engulfed in a series of conflicts, both internal and external, including a defining war with the British Empire between 1814 and 1816.

This was a phase of disintegration—marked by uncertainty, conflict, and instability—but it also constituted a crucial stage of geographic consolidation in the birth of a nation. It was during this tumultuous period—often marred by violent battles and sieges—that the seed of modern Nepal was planted.

Driven by ambition and a thirst for conquest, some Shah rulers significantly expanded Nepal's territory—extending eastward into Sikkim and beyond, and westward across the Mahakali River into Almora and Garhwal. These territorial gains, however, proved unsustainable in the face of British imperial expansion and were eventually lost following Nepal's defeat in the Anglo-Nepalese War. This disintegration phase filled with wars and territorial conflicts lasted for about a century from 1738 to 1848.

Integration Phase: Administrative Consolidation and the Seeds of Elite Overproduction

The rise of the Rana family, led by Jung Bahadur, marks the beginning of Nepal's integration phase—a period of relative stability that followed the violent displacement of rival clans. The infamous Kot Massacre (Nepali: ææææ ææææ) on 14 September 1846 was a turning point. During this brutal episode, Kaji Jung Bahadur Kunwar and his brothers killed approximately 30–40 high-ranking civil and military officials, including Prime Minister Chautariya Fateh Jung Shah, a relative of the king, along with other senior ministers and generals. The massacre, which took place at the palace armory (Kot) of Hanuman Dhoka in Kathmandu, paved the way for Jung Bahadur's ascent to power and the establishment of the Rana autocracy (source: Wikipedia).

What followed was the second 100-year cycle in Nepal's historical rhythm—the integration phase. During this period, the country experienced relative political stability as the Ranas consolidated their rule through an iron grip on power, often exercised through autocratic decrees, while keeping the monarchy in check. They maintained a delicate but tactful relationship with the British Empire to the south, notably supporting the British during the Indian Rebellion of 1857. Some of the fertile lands of the Western Terai, lost during earlier wars, were later returned to the Rana regime. This restitution helped the rulers in Kathmandu maintain internal stability by extending the integrative phase—facilitated through migrant settlements and the distribution of these lands as Birta grants to reward the ever-growing elite Rana clans.

Much like the British system of awarding estates to lords and counts, the Birta system entrenched elite privilege and reinforced the power hierarchy within the ruling class. The recruitment of young men from Nepal's hill regions into the British Army also provided a form of employment relief and forged a strategic bridge between the two nations. Citizens also saw the Muluki Ain of 1854, introduced under Prime Minister Jæga Bahadura Raæa, marking a significant Rana-era effort to codify Nepal's legal system, blending Hindu jurisprudence with administrative centralization.

As a primarily agrarian society scattered across rugged and isolated terrain, the people of Nepal did not initially spark any major uprisings during the Rana regime. But how did this century of administrative calm and autocratic integration come to an endæ

Two key forces brought the Rana era to its decline. The first was elite overproduction—not merely a result of political ambition, but deeply rooted in the very structure of the Rana dynasty itself. Polygamy was common among the ruling elite, with multiple queens and numerous mistresses producing a large number of offspring. Over time, this led to a swelling class of Rana aristocrats, each expecting access to power, privilege, and patronage. As the number of claimants grew, so did the internal rivalries, killings, competition, and fragmentation within the ruling class, making the system increasingly unsustainable. The second factor was the powerful wind of liberty and anti-colonial resistance blowing from the south. Led by Mahatma Gandhi and the Indian nationalist movement, the struggle against the British Empire inspired a regional yearning for self-determination. Many anti-Rana liberal democrats—including the prominent figure BP Koirala—actively participated in the Free Bharat movement, absorbing the ideals of democratic governance and civil resistance. These ideas inevitably seeped into Nepal, sparking democratic aspirations and challenging the legitimacy of Rana autocracy. The combination of internal elite excess and external ideological pressure ultimately dismantled the century-long Rana integration phase.



Disintegration Phase: The Age of Revolutions and Royal Coups

After two centuries marked by alternating cycles of disintegration (Shah's geographical consolidation: 1738-1848) and integration (Rana's administrative consolidation: 1848-1950), Nepal was poised to enter yet another phase. The nation's third century began in 1950, following the Democratic Revolution of 2007 B.S. As discussed earlier, B.P. Koirala and other liberal democrats led the movement to dismantle the autocratic Rana regime—only to see it replaced by another authoritarian system: the Panchayat regime, established after a royal coup by King Mahendra on December 15, 1960. With the support of a select group of elites, King Mahendra engineered a centralized political structure that dismantled Nepal's nascent democratic framework. Through mechanisms like the "Back to the Village" campaign (Gau Farka Abhiyan), he sought to reshape the state's grassroots presence. At the same time, he enlisted technocrats to implement development projects under a tightly controlled vision of national progress. While this gave the appearance of modernization, it further marginalized liberal democrats, many of whom were forced into exile in India.

The economy remained closed, with the state exercising control over much of the production and distribution systems. A privileged few monopolized a handful of enterprises. Over time, the state increasingly came under the grip of a narrow royalist elite. The lack of widespread uprising under King Mahendra's rule can be attributed to two main factors. First, external actors—particularly India—were less than enthusiastic about any political upheaval in Nepal. Second, the King was able to resettle a large population of hill communities in the Terai region, which helped dilute potential centers of resistance. Both the external factor and the absence of popular immiseration worked in King's favor.

Following Mahendra's sudden death, his son King Birendra, a Harvard- and Oxford-educated monarch, assumed the throne. Birendra presented a more moderate image with some market reform efforts, but in response to growing pressure and student uprising, initiated a national referendum on the Panchayat system. However, unrest continued. A wave of student uprisings erupted across the country—periodic at first, but gradually gaining momentum and intensity.

Eventually, the growing discontent reached a critical point, and King Birendra was forced to concede to a multiparty democratic system in 1993, marking the end of the Panchayat era and ushering in yet another uncertain and contested chapter in Nepal's long journey of state-building.

The multiparty forces of liberal democrats ushered in the long-awaited democratic liberation and press freedom that had eluded Nepal since 1950—when the country first emerged from the autocratic Rana regime. At that time, the monarchy acted as a willing partner in the anti-Rana alliance, aligning itself with the democratic forces against a common adversary. However, the promise of a free and representative political system was soon broken, as the monarchy moved to consolidate power, leading the country into decades of authoritarian rule under the Panchayat system.

Nepal's entry into a new era of freedom and liberty seemed like a dream fulfilled—but it soon proved otherwise. Two key factors contributed to this disillusionment.

First, the major political parties became preoccupied with power struggles and personal gain, frequently dissolving parliament at their convenience to pursue electoral advantage. Corruption spread rapidly, eroding public trust and weakening state institutions. Political uncertainty became the norm rather than the exception. Many entered the political arena as rent seekers, further multiplying the elite class at an astonishing rate—especially as globalization spread across the globe, opening up new opportunities through INGOs, outsourcing, and consulting enterprises. contd...

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**

The mob held the country to ransom. In spite of Khorana's 450 constables, the 2,000 CRP men under Lal, and about 25,000 regular soldiers, Sikkim lay at the mercy of rowdy hooligans. "The boys are angry. . . I can't control them" mumbled Kazi, wringing his hands, while the chief executive received news of each assault with hoots of laughter. Gurbachan Singh talked more ponderously of ancient vendettas among the nobility. But there was little spontaneity about this organized show of force by about 3,000 demonstrators. I counted 54 Sikkim Nationalized Transport trucks packed with. Nepalese in the convoy that wound its way through the streets, the chant of "Paiden Namgyal, Sikkim chhor!" (Palden Namgyal, leave Sikkim) clearly audible from the palace. The Sikkimese claimed that the rhythm and accent of the cheer-leaders indicated they were professional trade union organizers from the Darjeeling tea gardens and road repair gangs. But the PO seized on this evidence of engineered wrath to inform the Chogyal that the mob might storm the palace, and that it would be safer for him to move out to Thakse. "I was born in this house and I will die here," was all the reply he got. Then as Gurbachan Singh was leaving in a huff, the Chogyal shook him by the hand and, with a sparkle of his old humour, added: "And do let the mob in, Your Excellency!"

The implied accusation seemed to be confirmed when Kazi told reporters that Sadia would withdraw the CRP "and send the people into the palaces... let's see what he does then."

Meticulous as ever with his paper work, the Chogyal wrote to the PO after a second visit urging him to vacate the palace:

This morning when you came to the palace at 11.00 a.m. you had suggested that I should move out to Thakse palace for a few days as a security measure because of the likely danger from the mob. Tonight you came again at 7.39 p.m. you had repeated the same suggestion.

I had informed you on both occasions that I cannot, leave my ancssiral residence, and since you had removed the Sikkim Guards who were responsible for palace security, the responsibility for the palaces security now resis squarely with the chief executive who is at the head of the administration. In the event he feels that he is unable to control the situation, I would suggest that he seeks the assistance of the army through you.

It is strange that the chief executive has not met me for the past few weeks despite the fact that I am still the Chogyal and the constitutional head of government.

Coo Coo la, meanwhile, faced almost as much harassment in New Delhi where she occupied a suite of rooms in Sikkim House. She had intended to return to Gangtok on 7 April, well in time for the following week's hearing of her objections against the forest department's eviction order which Hariomal had temporarily stayed. Having no suspicion of the impending crisis in Sikkim, the princess was somewhat surprised when Kewal Singh, who was not a particular friend, invited her home. S.K. Singh, the ministry's tubby little official spokesman, whom she found pompous and obstructive, was there with several other officials with the same surname—There seemed to be a lot of Singhs floating around," she recalls. The invitation was for interrogation: they grilled Coo Coo la for more than two hours on the Chogyal's supposed Chinese contacts, whom she had met in Hong Kong two years previously, and about American interest in Sikkini. Unaware of the offensive .about to be launched, the princess nevertheless felt that her hosts were trying to find out what obstacles they might expect to encounter. In turn, she told them of her long-time suspicions of Indian incitement of the durbar's opponents, especially of covert action by intelligence bureau personnel.

Returning to Chanakyapuri, Coo Coo la found that truck-toads of CRP men had pitched tents in the lawns, and that guards toting rifles with bayonets fixed had orders to keep out visitors, and keep her in. Sikkim House's 11 telephone lines were ail dead, and even water and electricity had been cut off. The princess was ail alone with two or three servants. "We didn't have candles, but luckily, two bath tubs were full so 1 could, at. least, wash. I slept on the roof." Her imprisonment lasted fourteen days. Later she learnt that the police raided her flat in Calcutta during that time. After ran- sacking every one of its cupboards and almirahs, they scaled the doers with round little discs of red wax, rather like Mao butons. Coo Coo la eventually had to go down to Calcutta to be present during a further inspection, and to answer endless questions; armed guards accompanied her, and two plain-clothesmen with revolvers kept permanent watch on the landing outside the flat. But the princess was nothing if not resourceful: she managed to smuggle her trusted steward out of Sikkim House, sending him to Gangtok with messages for the Chogyal, to find out what was happening, and with her court papers so that the eviction case did not go by default. Thupten Geley was a Tibetan refugee in his early forties, tail, rapier thin, with aristocratic aquiline features, both debonair and dignified. He had been an acolyte in the Bare Labrang monastery when Tibet revolted in 1959, escaping to India in the Dalai Lama's train. Thupten Geley was used to danger and knew how to cover his tracks: but he was recognized on the bus just past Raniphul. arrested and searched. All the princess's papers were taken away. They took him to Rhenock jail late that night, and after two days there, to prison in Gangtok. No magistrate's order authorized his arrest and incarceration; no charges were levelled to justify ‘uninterrupted nocturnal questioning. They were just features of the official lawlessness that instilled fear in the people. Ordinary peasants could expect no mercy if the proud princess's steward could be so roughly treated. contd...

# खुला सीमा, असमान सन्धिसम्झौताहरू

नेपाल भारतबीचका सबै ब्यापार पद्धति समान हुनु पर्छ । भारतीय बाहन नेपालभरि जान पाएपछि नेपाली गाडी पनि भारतभरि जान पाउनुपर्छ । कर शुल्क समान हुनुपर्छ । भारतले जे उत्पादन गर्छ ती सबै नेपालले पनि उत्पादन गर्छ भन्ने भावना र आत्मबल राखेर उद्योग र ब्यापार संचालन गर्नु पर्छ । भारतको औषधि जसरी नेपाल आउँछ त्यसरी नै नेपालका उत्पादनहरू भारत जानु पर्छ ।

नेपालको शिक्षा र प्रशिक्षण पद्धति बदलेर नेपालमा आएर काम गर्ने भारतीयका सबै तालीम संचालन गरेर जनशक्ति उत्पादन गर्न पर्छ । उदाहरणकालागि ३ देखि ५ लाख भारतीयले नेपालमा केश-कर्तन व्यवसाय गर्दछन् । यो भारतीयका लागि संरक्षित र एकाधिकार प्राप्त व्यवसाय हैन । जहाँ भारत सरकारले एकजनाको रोजगारको पनि संरक्षण गर्छ त्यही नेपालीका लाखौं रोजगारबारे नेपाल सरकारले वास्तै गर्दैन । त्यस्तै कवाडी, फलफूल, पान, माछा, डकर्मी, प्लम्बिङ, वाएरिङ, सिकर्मी जस्ता सयौं ब्यापारका क्षेत्र भारतीको एकहट्टी छ, तिनलाई विस्थापन गरेर नेपालीलाई प्रतिस्पर्धी गराउनु पर्छ ।

नेपालभित्र भारू कारोवार बन्द गर्नँपर्छ । नेपाल प्रवेश गर्दा नेपाली साटिदिने र फर्कदा सोही बराबरी भारू साटिदिनुपर्छ, सो भन्दा बढी रकम भएमा नेपालको कर कानून अनुसार कर तिरेको प्रमाण भए मात्र साटिदिनुपर्छ । आवतजावतको अभिलेख राख्नुपर्छ । नेपालभित्र विदेशीको रोजगारको अनिवार्य निगरानीको जिम्मा स्थानीय स्वायत्य सरकारको बनाइनु ।

सन् १९५० को मैत्री सन्धि अनुसार नेपाल र इण्डियाबीच दुई देशका नागरिक आवत-जावत गर्दा राहदानी नचाहिने ब्यबस्था गरिएको थियो । त्यसबेला र अहिलेको राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति बिलकूल भिन्न छ । त्यसबेला नेपालीमात्र इण्डियामा पस्दथे तर इण्डियनहरू नेपालमा खास गरेर पहाडतिर त आउँदै आउँदैनथे । अहिले यातायात, संचार र आर्थिक स्थितिमा ठूलो परिवर्तन आएको छ । आतङ्कबाद र असामाजिक तत्वको गतिविधिको ब्यापकता बढेको छ । शान्ति सुरक्षाको स्थिति कमजोर हुँदै गएको छ । यस्ता अनेकौं परिवर्तन र घटनाक्रमका कारण खुला सीमा पद्धतिलाई पुनरावलोकन गर्नुपर्ने नितान्त आवश्यक भएको छ । यसैक्रममा पहिलो पटक राज्य व्यवस्था समितिले भारतीय खुला सीमा दुरूपयोग गरेर हुन सक्ने आतङ्कवादी खतरा, तस्करी तथा अन्य अवैध गतिविधि रोक्न नियन्त्रित सीमा व्यवस्थापनका लागि नेपाली पक्षको मागलाई भारतीय पक्षले बेवास्ता गर्दै आएको महसुससम्म गऱ्यो । आतङ्कवाद व्यापक भएको यस घडीमा त्यसलाई रोक्न पनि भारतलाई सजिलो हुने राय समितिको थियो । दुई देशको खुला सीमा भएका कारण नेपाली भू-भागबाट पाकिस्तानी उग्रवादी भारत छिरे भन्ने आरोप लगाउने भारतले आफैं सीमा व्यवस्थित गर्न नमान्नु चाहिं रहस्यकै कुरा भएको छ । यस पद्धतिका कारण दुबै देशले झन् झन् चर्को समस्या झेल्नुपरेको छ । त्यसैकारण नेपालले प्राकृतिक स्रोत साधनको उपयोग गरी नेपालीको जीवनस्तर उठाउने काम गर्न सकेको छैन । यो जनविरोधी, राष्ट्रविरोधी पद्धतिको अन्त्य गरेर आवत-जावतलाई नियमित गर्नुपर्दछ ।

एक हजार आठ सय आठ कि.मि. लामो सीमाक्षेत्रमा दुबै देश मिलेर बंगलादेश र पाकिस्तानतिरका सिमानामा गरेजस्तै विद्युत प्रवाहित तीन तलेत्री काँडेतारको निर्माण गर्नुपर्दछ ।ज्ञण्छ १०८ करोडज्ञण्ट खर्च लाग्ने यस योजनाको खर्च एक महिनाभन्दा कम समयमै हुने चोरी निकासीको राजस्वबाटै उठ्दछ । तर सीमा नियमितता कार्य क्रमिक, सरल, सहज र नि:शुल्क हुनुपर्दछ ।

प्रवेश-आज्ञा अभिलेख: नेपालले तथ्याङ्कै लागि भए पनि तथा कसैसंग परिचय-पत्र नभए पनि आवत-जावतको लागि प्रवेशाज्ञा अभिलेख तुरून्तै र एकतर्फी रूपमै भएपनि हवाई मार्ग सरह सतह मार्गलाई पनि लागू गरिहाल्नुपर्छ । यो अस्तित्वको प्रश्न हो ।

पारिबारिक स्थिति कार्डको लागू : अवैध आप्रबास, घुसपैठ रोक्न, कालो धन आर्जन रोक्न, भ्रष्टाचार रोक्न तथा सबैलाई पूर्ण रोजगार र सबैलाई स्तरीय शिक्षाको समान अवसर दिन नेपालभरका घरलाई दिगो रूपको आधुनिक घर नम्बर दिनु पर्दछ । घरनम्बरका आधारमा पारिवारिक स्थिति कार्ड अनिवार्य भर्न र वार्षिक रूपमा मालपोत तिर्दा बदलिएको स्थिति भरी प्रत्येक वर्ष अध्यावधी हुने गरी अभिलेख राख्नुपर्दछ । यसले मात्र प्रत्येक नेपालीलाई पूर्ण रोजगार दिन र भ्रष्ट्राचार मुक्त मुलुक बनाउन संभव छ । शतप्रतिशतलाई सम शिक्षा दिन सकिन्छ । दिने व्यवस्था मिलाउनै पर्छ ।

सीमा विवादको अन्त्य:

नेपालका चीन र भारतसित रहेका सीमा विवादमध्ये चीनसंगको विवाद एकै पटक सदाको लागि अन्त्य भएको छ । चीनको सकारात्मक सहयोगका कारण नेपालको ६०० वर्ग माइल भू-क्षेत्र थपिएको छ । भारतले पनि त्यस्तै सकारात्मक सहयोग गरेर सदाको लागि विवादको अन्त्य गरिनुपर्दछ ।

सन् १९५० को सन्धिको धारा ६ र ७ अनुसार इण्डियन नागरिकलाई राष्ट्रिय व्यवहार दिनुपर्ने बुँदाहरू सानो आकार र कमजोर अर्थतन्त्र भएको मुलुकले कुनै हालतमा स्वीकार्नु हुँदैन । ती दफा खारेज गर्न सबै नेपालीले एक स्वरले स्वीकार्नु पर्दछ । १९५० को सन्धि खारेज गरी पुन: अर्को सन्धि गर्ने कुरामा भारतीय कम्युनिष्ट पार्टीका नेताहरूले पनि सकारात्मक सहयोग गर्ने बचन दिएका छन् । १९५० को सन्धि समय सान्दर्भिक नभएको, नेपाल ठगिएको कारण भाकपाले भारत भित्रै दवाव सिर्जना गर्ने वचन दिएको छ ।

यस सन्धिको दफा १ र ८ मात्र कायम राखी बाकी दफा खारेज गर्नु पर्दछ । यस कुरामा इण्डिया सहमत नभएमा सोही सन्धिको दफा १० अनुसार १ वर्षको सूचना दिएर खारेज गर्नुपर्दछ ।

बिशाल नेपालका कुरा पनि चानचुने समस्या होइन । यो मजाकको विषय पनि होइन । पुर्खाको गारवको कुरा पनि हो ।



डा. शास्त्रदत्त पन्त

अंग्रेजका पालाको सुगौली सन्धिमात्र एक सीमा निर्धारणको आधार हो र त्यसपछि केही पनि भएको छैन भन्नु पनि कमजोर मानसिकता हो । त्यस सन्धिपछि नेपालले गुमाएका काली र राप्तीबीचको तराई अर्थात्, नयाँ मुलुक जंगबहादुरका पालामा नेपालले फिर्ता लिएको हो । राप्ती र गण्डकीबीच पर्ने अर्थात्, तौलिहवा, रूपन्देही, नवलपरासी पछि नेपालमा थपिएका हुन् । त्यसैगरी गण्डक र कुसाहबीचको अर्थात् पर्सादेखि मेचीसम्मका तराईका जिल्लाहरू पनि पछि दुईपक्षीय रूपमा नेपालका भएका हुन् । सो सन्धिको धारा ३(घ) अनुसारको मेची र टिष्टा नदीका बीचको भू-भाग नेपाललाई दिन भने बाँकी रहेको छ । दुई देशको समझदारीमा त्यो पनि हुन नसक्ने कुरा होइन किनकि यथार्थ नेपाल सुगौली सन्धि पूर्वकै नेपाल हो । महेशपुर, सुस्ता लगायतका कतिपय विवादग्रस्त सीमाक्षेत्रमा सन् १९६० र १९७० का दशकहरूमा नयाँ सम्झौता र समझदारी कायम भएका छन् । त्यस्तै चीनसितको सीमा क्षेत्र पनि सम्झौताबाट तय भएका छन् । चीनसँगको सम्झौता अनुसार विवादमा रहेको सगरमाथा क्षेत्रमा पानीढलो सीमा कायम गरेर विवाद समाप्त भएको छ भने सोही सम्झौताले नेपालको कूल क्षेत्रफलमा ६०० वर्ग माइल भू-क्षेत्र नेपालमा थपिएको छ । त्यस्तै सन्धि भारतसित पनि हुनसक्दछ । देशले एक राजनीति र एक आवाजलाई समझदारी बढाउँदै लगेको खण्डमा पूर्व विशाल नेपाल पुन: स्थापना हुनै सक्दैन भन्ने मानसिकता बनाइ राख्न पनि हुँदैन ।

# भुइँमान्छेले आफ्ना पीडा सुनाउने कसलाई ?

भुइँमान्छेहरूलाई बाँच्न मुस्किल छ । बाँच्न कसले चाहँदैन ? प्रश्न छ अन्याय, अत्याचारमा बाँच्न कसरी ?

मूल समस्या गरिबी हो । गरिबीसँग लड्न कति गाह्रो हुन्छ त्यो त भोग्नेलाई थाहा हुन्छ । तिनका लागि तन्त्र छैन । मन्त्र छैन । राज्य छैन । न्याय छैन ।

जमिनको भूभाग मात्रै राज्य होईन । राज्य बन्न त जनता पनि चाहिन्छ । जनता नै छैनन् भने शासकले को माथि शासन गर्ने हो ? वर्तमान कालखण्डमा युवाजति रोजगारी खोज्दै विदेश भासिदैछन्, बुढाबुढी चलफिर गर्न सक्दैनन् । चलाखहरू ढुकुटी लुटिरहेका छन् । लुटतन्त्र चलिरहेछ ।

विभिन्न भौगोलिक बिबिधता, बिकटता, आर्थिक अवस्था कमजोर, सामाजिक परिवेश अचेत र सरकार नै स्वार्थी बने पछि जनता जनता नभएर रैती हुन पुग्दा रहेछन् । भुइँमान्छे गणतन्त्रका दासजस्ता छन् ।

आजको हाम्रो अवस्था त्यस्तै देखिएको छ हामी रैती बनेको महसुस गर्न बाध्य छौं । आज राज्य जतिसुकै समुन्नत भए पनि बिकट नेपालका नागरिकले उहीँ पीडा भोग्न बाध्य छन् जो आर्थिक रूपमा निम्न वर्गको जीवन जिउन बाध्य छन् ।

भौगोलिक बिकटताका कारण सबै नेपालीले समान अधिकार पाएनन् भनेर नै लोकतन्त्र आइसके पछि संघीय राज्य निर्माण भयो । संघियता लागू त भयो तर गरिब निमुखा जन उहीँ बिवसतामा बांच्न बाध्य छन् । संघियता लागू गर्नु त सबै नागरिकलाई समान अधिकार प्रदान गर्नु भन्दा पनि राजनैतिक भर्ती केन्द्रको रूपमा प्रदर्शित गरिएको देखियो । संघीयताका नाममा जनतलो तिरेको कर र राज्यढुकुटी राजनीतिक कार्यकर्ताको खुवा बिर्ता हुनपुगेको छ ।

गरिबका कथा ज्यूँ का त्युँ छन् । बजेट बिनियोजन हुन्छ लक्षित वर्गमा पुग्दैन सबै बिचौलियामा बांडफांड, भत्ता, अनावस्यक भ्रमण, पारिवारिक भर्ति आदिमै सकिन्छ । केही बजेट बिकासका काममा लगाईन्छ तर पूरा लगाईदैन भन्ने पुष्टि त पप्पु कन्स्ट्रक्सनजस्ता अनेक ठेकेदारबाट निर्मित पुलहरू र अन्य यस्तै कम गुणस्तरिय कामले देखाएका छन् । अर्थात् संघियताको औचित्य भ्रष्टाचारको लागि मात्रै हो भन्ने प्रष्ट भएको छ ।

यदि लक्षित वर्गमा बजेट पुगेको भए नेपालबाट परिवार पाल्नको लागि छिमेकि मुलुक भारतमा भारतियहरूको दुत्कार सहंदै कठोर परिश्रम गर्न जानू पर्ने थिएन । सबैभन्दा धेरै सुदुरपश्चिमका नागरिक नून किन्ने ज्याला कमाउन भारत जान बाध्य छन् । समस्या समाधान तर्फ न स्थानीय सरकार, न त प्रदेश, केन्द्र सरकारले नै ध्यान दिएको छ ।।

दैनिकी गुजारा गर्न कठिन भएका नागरिक समक्ष न त हिजोका सरकार र शासक पुगे न त आजका शासक पुग्न चाहान्छन् । गणतन्त्र राज्यका नागरिक आज पनि भारतीयको जुठोभाँडा माझ्न जानुपर्ने बाध्यता ?

सुदूरपश्चिममा लोककल्याणकारी राज्य छैन, शोषण व्याप्त छ ।

आज देशमा दैनिक ज्यालादारी गरि बिहान कमाउँदै बेलुकाको छाक टार्ने कति रहेछन् भन्ने यथार्थ परिवर्तनपछिको १७ वर्षमा प्रष्ट देख्न पाईएको छ । घर छोडेर कोहि भारत त कोहि देशकै विभिन्न ठाउँमा ज्याला मजदुरी गर्न गएका मजदुरहरूलाई आजको बिषम परिस्थितिले थप चुनौती दियो । उद्योगधन्दा बन्द भए, उत्पादन छैन । रोजगारी ठूला पार्टीहरूले कब्जा गरेका छन् । युवा मुग्लान नभासिएर के गर्ने ? मुग्लानमा पनि सुख कहाँ छ र ? मालिकले पैसा दिदैन, यौन शोषण गर्छ, झूठा मुद्दा लगाएर जेल कोच्छ । अर्काको देशमा अभिभावक कोही छैन । अभिभावक बन्नुपर्ने आफ्नै देशका कर्मचारी पनि तिनै दुखित नेपाली युवालाई ठग्छ, दु:ख दिन्छ ।

देशमै शोषण । देश बाहिर शोषण । सरकारबाट फाइदा लिन सफल केही चाटुकारहरू, कमिशन एजेन्ट, भ्रष्टहरू युवाको आँसुको व्यापार गरेर पैसा कमाइरहेका छन् । अति भइसक्यो हालत ।

संसारका राष्ट्रप्रमुखहरू दैनिक मिडियासामु उपस्थित भएर जनताका नाममा सम्बोधन गरेका छन् । कसरी नागरिक बचाउने भनेर दिनरात खटेका छन्, हामीकहाँ खोइ ? हाम्रा शासकबर्ग त कसरी भुइँमान्छे, विदेशीएका युवालाई निचोर्ने भनेर लागेका छन् । कतिपय शासकहरू त मानव बेचबिखनमा समेत लागेका छन् । कस्तो रहेछ पैसा ,

जनताद्वारा निर्वाचित जनताकै छोराछोरीबाट गरिएको शासनमा त शासक र नागरिक बिच धेरै दुरी नहुनु पर्ने हो तर आज नेपालमा जनप्रतिनिधि हरू हिजोका राजा भन्दा धेरै माथिका सुबिधाभोगी किन बने ? परिवर्तनपछि राजा हैन सयौं राजा जन्मे । जनताका दु:ख ठामका ठाम जिवित छ ।

जनताले धेरै आशा र भरोसाका साथ सरकारले तोकेको कर तिरेका छन् तर तिनै कर तिर्ने जनता भारमाथि भार बेहोर्न बाध्य छन् । भुइँमान्छेको पद्धति होइन यो, गणतन्त्र जनता मार्ने गनतन्त्र हुनपुग्यो । यसकारण बिद्रोह जन्मिउको हो भन्न सकिने आधार देखिन्छन् ।



देवी काफ्ले

भुइँमान्छेको पद्दति भनेको यही हो ? आखिर गरिबले कहिले महसुस गर्ने हो सरकार भएको । सरकार अझै पनि सडकमा आँखा च्यातेर हेर हिजोका तिनै गरिब मजदुरले तिमीहरूलाई त्यो सत्ता, शक्ति र सिंहदरवार, संसदको महलमा पुऱ्याएका हुन् । दरबारको खोपी भित्र बिराजमान भएर गरिबको चुलो नजलेको देख्न सकिन्न । गरिबले उपचार नपाएर तड्पीतड्पी मरेको देखिँदैन । जनप्रतिनिधिहरू जनतासमक्ष जाने हिम्मत गर, नैतिकता देखाउ । नवमहाराज बनेर फेरि उनै मजदुरको रगत नचुस । जनमत भुइँमान्छेको व्यापार गर्न दिएको होइन ।

गन्तब्य भाषण मात्रै हैन काम हो जवाफदेहीता हो । दिन सधैं एकैनाश रहँदैन । काम गर्ने अवसर दिएका छन्, जनताका काम गरेर देखाउ । जनताको सहारा बन । हाम्रो सरकार छ भनने अनुभूति भुइँमान्छेलार्य दिलाउ । जनताको आर्तनाद सुन, जनता छन् र तिम्रो राजनीति छ, हेक्का राख ।

# वर्क परमिटमा अन्तरसंवाद हुने

तत्कालीन मरीचमान सिंह श्रेष्ठको सरकारले २०४४ बैशाख १ गतेबाट राष्ट्रियता बचाउन राजा वीरेन्द्रको निर्देशनमा संगठित र असंगठित क्षेत्रमा देश भरी नै वर्क परमिट प्रणाली लागू गरेको तर भारतले बिरोध गर्दा असफल भए पनि वर्कपरमिट लागू गरेको ३७ वर्ष पुगेको सन्दर्भमा अन्तर सम्वाद हुने भएको छ ।



नेपाली जनताले आफ्नो थैली कस्न नसक्दा देशको अवस्था भयावह भइसकेको छ । वर्क परमिटका बारे स्व. मञ्जुर वर्ल्डले टाक्स फोर्स गठन गर्नुपर्ने आवश्यकता महसुस गर्दै सेना, प्रहरी, सत्तापक्ष, प्रतिपक्ष, राष्ट्रवादी, प्रजातन्त्रवादी, राजनीतिक दलहरू सबै एक ढिक्का भएर उभिनु पर्ने भने पनि २०३६ सालको जनमत संग्रह, २२ महिना लामो आर्थिक नाकाबन्दी, दलहरूको आन्दोलन, अन्तरिम सरकारको भारत भ्रमणको क्रममा वर्क परमिटको खारेजी र १० जुन १९९० को संयुक्त विज्ञप्ति मार्फत नेपाललाई फोहर फाल्ने कन्टेनरमा परिणत गरेको बारे बैशाख १२ गते शुक्रबार अपरान्ह १ बजे पूर्वाञ्चलको धनकुटाको कचडीमा अन्तरसंवाद हुनु भएकोले त्यस क्षेत्रका वुद्धिजीवीहरूलाई सहभागिताको लागि अनुरोध गरिएको छ ।

यस सम्बन्धमा राष्ट्रवादीहरूको साझा संगठन, उपत्यका, नेपालले आयोजना गरेको कार्यक्रममा वरिष्ठ अधिवक्ता जुक्तिजंग लामिछाने, माधव प्रसाद लामिछाने, इश्वरी प्र. भट्टराई, माया पाण्डे, विष्णु सिंह डंगोल, राम प्रबोध महतो, गणेश गिरी, विजय थापा, शंकर मघैया आदिले शुभकामना साथै देशको समसामयिक विषय माथी आ-आफ्ना धारणा राख्नु भएको थियो । देशलाई निकास दिनको लागि आ-आफ्ना क्षेत्रमा सबै समर्पित भएर लाग्ने दृढ निश्चय गर्नु भएको थियो ।

यसैवीच स्वाभिमानी सपूत सम्माननीय मरीचमान भन्दै संस्कृतविद महेश्वर जुजु राजोपाध्यायले मरीचमान सिंहलाई विशेष सम्झना गर्नुभएको छ । उहाँले मरीचमान सिंह श्रेष्ठका सम्बन्धमा लेख्नुभएको छ- आफ्नो पन सबै सम्प्रदायको ज्यान नै हो । आफ्नोपन छोड्नेहरू जिउँदा मुर्दा हुन्, जन्मभूमिको लागि भार मात्रै हुन् । यो अमृत ज्ञान मैले किरातेश्वरवाट पाएं । जो पशुलाई पनि मानिस बनाउने पशुपतिनाथै हुनुहुन्छ । त्यस पछि जन्मभूमिको महत्व बढाउने शिलाका खामो नै गाडी गएका मानदेव, मलाई दिने नै हो भने मेरो राज्य मलाई नै देऊ भन्ने देशभक्त वीर राजा जय प्रकाश जो जीवनको अन्तिम घडीसम्म पनि देशको स्वतन्त्रताको हाँक दिएरै वीरगति प्राप्त गरे । मरेरै पनि देशको स्वतन्त्र प्रतिष्ठा बचाएरै अमर रह्यो ।

आधुनिक नेपालका अबतारी नै बनेका राजाहरूका पनि राजा वडा महाराज श्री ५ पृथ्वीनारायण शाह, स्वाभिमानी प्रतापी राजनेता श्री ५ त्रिभुवन जसको राष्ट्रपिता पद नै खाई दिए विदेशका दासहरूले । नेहरूसँग लडेरै संयुक्त राष्ट्रसंघमा हक जमाएर राजनीति दाउ मारेका, अमेरिका र रूसको द्वन्दवाट विश्वलाई नै बचाउन असंलग्न राजनीतिको विश्व अभियानमा सक्रिय भूमिका निभाएका, दुई ढुङ्गाको अति कोमल तरूल नेपालमा निर्दलीय प्रजातन्त्र प्रयोग गरी विशाल चीन र विशाल भारतलाई सन्तुलित मित्र बनाएरै राखेका विश्व विख्यात चतुर राजनीतिक खेलाडी अद्वितीय शहिद, श्री ५ महेन्द्र र जस्तो पिता उस्तै छोरा बनेका विद्वान् प्रजातन्त्रवादी राजा विश्व विख्यात महान नेता जसले नेपाललाई भुटिइने भुटान बनाउन नचाहेरै विश्वलाई रूवाएर गए । स्वतन्त्र राष्ट्र जोगाउने कठोर एवं वन्दनीय महायज्ञमा आफु र वंशै होमेर गएका श्री ५ वीरेन्द्र र अहिलेका त्यागी गौतम बुद्ध नै बनेका श्री ५ ज्ञानेन्द्र आदिवाट मैले यो देशप्रेम सिकेको हुँ । जनताको छोरा जनतासँगै हुर्के । अब पनि म तपाईहरूसँग पैदलै हिंडी रहेको छु । मलाई सुरक्षा गार्ड सुविधा चाहिन्न भनी खुलामञ्चमा गर्जेका हिम्मतदार नेपाल पुत्र वीर मरिचमान सिंह अहिलेकाहरू भन्दा अब्बलै भएर गए । स्वाभिमानी नेपालीहरू मरिचमान प्रति गर्व गर्दछौं । देशभक्त मरिचमान नेपाली इतिहासमा सदा नै चम्किई रहने उज्वल ताराहरूमा एक नक्षत्र नै हुन् । यही नै देशभक्तको सम्मान र सही मूल्याङ्कन हो ।

स्वाभिमानी नेताको अवसान भन्ने सम्पादकीय नै लेखेर २०७२ श्रावण ३२ शुक्रबारको कान्तिपुरले भन्यो – निर्दलीय पञ्चायती व्यवस्थाका अन्तिम पहरादार मरिचमानलाई २०४६ सालको ऐतिहासिक जनआन्दोलनले ढालेको थियो । उनलाई एउटा अलोकतान्त्रिक शासकको रूपमा उद्धृत गरियो भने उनी माथि अन्याय हुनेछ । व्यक्तिगत रूपमा मरिचमान सरल, स्वाभिमानी र देशभक्त नेता थिए । प्रधानमन्त्री पदमा रहको ब्राम्हण क्षेत्रीहरूको एकाधिकारमा नेवारले हक जमाउन पुग्यो प्रधानमन्त्री मरिचमानले । उनको नाम अरू भ्रष्टाचारी नेताहरू झैं भ्रष्टाचारी प्रकरणमा जोडिएन । उनी इमानदार नेताको कोटिमा पर्छन । २०४५, ४६ सालमा उनले राष्ट्रवादी अडान छोडेनन् । मुलुक माथि नाकाबन्दी लागेको विषम परिस्थितिमा समेत राष्ट्रिय स्वाभिमानमा आँच आउन नदिन उनले आफ्नो हैयिसयतवाट सक्दो योगदान पुऱ्याए । छिमेकी मुलुकले पठाएको मस्यौदामा सम्झौता गरेको भए उनी जीवनभर प्रधानमन्त्री हुने थिए । यसरी दुर्गति पाउने थिएन । तर, नेपाल अरूवाट संरक्षित राज्यमा परिणत हुने थियो । त्यसो हुन नदिन राजा वीरेन्द्रको मुख्य अडान थियो । सरकार प्रमुखको रूपमा त्यसलाई मरिचमान सिंह श्रेष्ठले दृढतापूर्वक साथ दिएका थिए । मरिचमान सिंह श्रेष्ठलाई सदा सम्झिने यी मुख्य कारण हुन् । देशभक्त नेताको रूपमा उनी चिरस्मरणीय रहनेछन् । प्रशंसकहरूले श्रीमान् गंभीर .... प्रतापी भूपति नै भनी अन्तिम सलामी दिए ।

प्राण घातक क्यान्सरवाट पीडित श्रेष्ठले ७१ वर्ष मैं जीवन छोडे । सरकारले बचाउने सोच सम्मै राखेन । सतीले सरापेको देशमा कुलङ्गारहरूकै विगविगी छ । तैपनि देशभक्त शहीदहरूका अमर आत्माहरूले यो देश बचाएकै छन् । हँसिया र चुलेसीले पनि दुष्टहरूलाई लगारेकै हुन् । अनि विश्व चकित भई नेपाल प्रति सम्मान प्रकट गर्छन् । ११६ राष्ट्रहरूले “शान्ति क्षेत्र नेपाल” प्रस्ताव समर्थन गर्दा पनि साम्राज्यवादीहरूले संयुक्त राष्ट्र संघमा यो प्रस्ताव लग्नै दिएन । अधिकारवादीहरूको यो वास्तविक रूप हो, भनी यस पंक्तिकारलाई भन्नु हुँदा उहाँका दुवै आँखा रसाएका थिए । त्यति बेला मलाई पनि रूवाउनु भयो । त्यही आँसु चढाएं ! अहिले पनि उहाँको खाँचो छ । यही विश्वासले अर्चना गर्दछु । जय राष्ट्रवाद ! *महेश्वर जुजु नेपालको संविधान २०४७ को कार्यान्वयन जनदवाव समाजका अगुवा हुनुहुन्छ ।*

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
०८२ वैशाख ९, Apr. 22, 2025





## अन्तिम पातो - शाश्वत शर्मा

# यता पनि ध्यान दिने कि ?

सामाजिक सञ्जालमा पढियो- भ्रष्टाचारको खुलासा नभएको दिनलाई राष्ट्रिय दिवस घोषणा गर्नुपर्छ ।

हुन पनि भ्रष्टाचार नेपालको दिनचर्या हो । भर्खरै समाचार आयो, चीनको एक्जिम बैंकबाट ऋण लिएर बनाइएको पोखरा अन्तर्राष्ट्रिय विमान स्थलमा १४ अर्ब घोटाला भएको छ । २५ अर्ब ऋणमा १४ अर्ब भ्रष्टाचार । एकातिर विमानस्थल चल्न सकेको छैन, अर्कोतिर सावाँ ब्याज तिर्न नसकेर चीनलाई ऋण माफीगरिदिन पत्र नै लेखिएको छ । यो पोखरा विमानस्थल हो कि पोखरा बेइमानस्थल ?

घोटालाको रिपोर्ट संसदीय छानबिन समितिले निकालेको हो । महालेखाको रिपोर्टमा पनि घोटालाको तथ्याङ्क छ । घोटाला अर्थात् शासक र प्रशासकले भ्रष्टाचार गर्ने, ऋणचाहिं नेपाली जनताले बोकिदिनुपर्ने । यता गभर्नर नियुक्तीमा अर्वको लेनदेनको कुरा बाहिर आएको छ । सत्तारूढ दलको भागबण्डामा गभर्नर नियुक्त हुने कुरा लाजमर्दो नै हो । काविललाई पन्छाएर घुस ख्वाउनेलाई नियुक्ती, अचम्म छ यो देशको शासन प्रशासन ? सत्तारूढ दलकै नेता भन्छन्- दलालहरू प्रधानमन्त्रीको बेडरूमसम्मै पुग्ने गरेका छन् । गणतन्त्र भ्रष्टाचारमय भयो ।

राष्ट्रले ऋण लिन्छ, लिनुपर्छ । ऋणको सदुपयोग हुनुपर्छ । ऋण लिने, भ्रष्टाचार गर्ने, शासक र प्रशासक मोटाउने ? यो त राष्ट्रिय अपराध हो । जनता पनि भ्रष्टाचार, घूस नखाई त नेता प्रशासक चलमल नै नगर्ने । भ्रष्टाचारमय बनेको गणतन्त्र सुन्निएर मोटाएको छ । यसैले त जनता बिद्रोह बोल्दैछन् । धेरै खाले आन्दोलन सडकभरि देखिन्छन् । एकढिक्का, एकस्वर, एकमत भएर आन्दोलन गर्न जरूरी छ । तबमात्र यी भ्रष्टहरूको सातो जानेछ । असन्तुष्टि पार्टीभित्र पनि छ, पार्टीका कार्यकर्तामा पनि छ । ती सबै असन्तुष्टि बिस्तारै सडकमा देखिदैछन् । जब सबैखाले असन्तुष्टहरू, राजतन्त्र र हिन्दुवादीहरू एकजुट हुनेछन्, त्यो दिन यी भ्रष्टहरूको समय सकिनेछ । भ्रष्टहरू पुच्छर ठाडो पारेर भाग्नेछन् ।

भ्रष्टाचारका फाइल खोल्नैपर्छ । वाइडबडी, ओम्नी, सुन, ललित निवास, गिरिबन्धु, जग्गा र भुटानी शरणार्थी काण्डदेखि सबै फाइल खोलिनुपर्छ । ०४६ सालदेखि गुम्सिएर बसेका ती फाइलहरू खोलेका दिन भ्रष्टहरू ठेगानमा आउनेछन् । भ्रष्टहरूलार्य शासनसत्तामा होइन, जेलहरूमा खोज्नुपर्नेछ । यो समय देशको चिन्ताको हो । इमानदार चिन्ता गर्ने हो भने भ्रष्टहरूको भागम्भाग हुनेछ । रसातलमा पुगिसकेको देशको हालतमा सुधार हुनेछ । देशका प्रधानमन्त्री राजा फालिएको दिन वैशाख ११ लाई पर्वका रूपमा मनाउने भनेर अझै पनि निषेध, विभेदको कुरा गर्दैछन् । एकलाख युवालाई राजधानीमा उतार्ने उद्घोष गर्दैछन् । भ्रष्टाचारीले राजाको विरोध गर्नु भनेको आफूमाथिका भ्रष्टाचारको आरोपलाई विषयान्तर गर्नु हो । भ्रष्टाचार गरेको पैसाले मासुभात, खर्च बाँडेर चुनाव जितेका र सत्तामा पुगेकाहरूको बुद्धि नै पैसा बाँडेर आफू चोखो हुन सकिन्छ भन्ने भ्रम हो । यथार्थमा यो आत्महत्याभन्दा कम होइन, किनकि देशका प्रत्येक नागरिकलाई थाहा छ, यिनीहरू भ्रष्ट हुन् ।

नेता र पार्टीहरूले आमनागरिक नआउने भएपछि भेला, जुलसमा ठेक्का दिएर मानिस उतार्ने हो । उतार्लान्, तर नेताहरूको भाषणबाजी सुन्न आमनागरिक तैयार छैनन् । यिनको विश्वसनीयता यसरी घटेको छ कि जनआस्था यिनीहरूमाथि पटक्कै बाँकी छैन । नेताहरूले सत्ताको आडमा भाषणबाजी गर्ने हो । बिना सुरक्षा कुनै पनि नेता वा मन्त्री जनताका सामुन्ने उभिन पनि सक्दैनन् । धेरै ठाउँमा भुइँमान्छेले नेताहरूलाई जुत्ताले हानेका घटना देखिएकै हुन् । यसकारण पनि सत्तासीन नेताहरूले आफूलाई राज्यसुरक्षामा सुरक्षित ठान्ने गरेका छन् । तर कति दिन ?

देश र जनतामाथि अत्याचार धेरै नै भयो । यसबा निजात पाउन सबैलाई समेट्न जरूरी छ । एकथुकी सुकी भएकै छ, सबै मिलेर थुकी समुद्र बन्नेछ । अर्थाभावमा पिसिएकाले नेताजीहरूको भ्रष्टाचारको पैसा खाँदा लिदा फरक पर्दैन तर आवाज चाहिं देश र राजतन्त्रकै पक्षमा उठाउनुपर्छ । हिजोका भ्रष्टाचारले आजको महाभ्रष्टाचार जन्माएको छ । अब पनि हामीले यिनै भ्रष्टहरूलाई साथ दिने हो भने भावी पुस्ताका लागि अन्याय हुनेछ । यस्तो भ्रष्टाचारको नाली बनिसकेको

# जनप्रतिनिधि किन लेण्डुपजस्ता ?



जनमत र जनबलमा उठेका नेताहरू किन लेण्डुपजस्ता ? सरकारमा छन्, संसद र निर्णायक तहमा छन् । तर गरेका निर्णय र चलाएको सरकार लोककल्याणकारी देखिएन । यो विषय यति गम्भीर बनिसकेको छ कि कारण र निदान खोजिएन भने नेपाली नेता लेण्डुप दोर्जीजस्तै कलंकित हुनेछन् ।

कुशासन व्याप्त छ । परिवर्तन चाहियो भनेर घरघरबाट सडकमा निस्कने जनता र जनअधिकारका लागि बोल्ने बुद्धिजीवी, अधिकारकर्मी सबेको मुख टालिएको अवस्था छ आज । शासन, प्रशासन, सत्ता, संसदमा जे भइरहेको छ, जनअपेक्षाअनुसार भएका छैनन् । देशहितमा केही पनि भइरहेको छैन । लामो समय जनताले दलको पक्षधर भएर र चुपचाप बसेका थिए । जनताको कमजोरी ठानेर यिनले राष्ट्र गए जाओस्, पद्धति बिग्रे बिग्रोस, भ्रष्टाचार गर्ने हो भनेर गरिरहे । शासक बदनाम भए, प्रशासक बदनाम भए । क्रान्तिकारी परिवर्तनकारी जनता भित्रको देशभक्ति अब बिद्रोह गर्न बाध्य हुनपुगेको छ । जनता जति जागरूक भए, देश उति नै जिवन्त र जिउँदो रहनसक्छ । देश मर्नु हुन्न, देश जाग्नुपर्छ, देश अस्तित्वहीन हुनसक्दैन ।

नेतृत्वमा लेण्डुप प्रवृत्ति उवालमा छ, लेण्डुप संस्कृति नेताहरूको मनमष्तिष्कमा छाप बस्न थालेको छ । विदेशभक्तिमा रमाउने लोकतान्त्रिक भनाउँदा नेताहरूलाई छुट दिनुहुन्न भनेर जनता सडकमा उत्रिएका छन् । यो जनउवालले कतै पद्धतिमात्र होइन, नेतृत्वलाई नबगाओस् । नेताहरू लेण्डुप पढ, लेण्डुप नबन । *- फणिन्द्र पन्त*

# १९७३ मै चन्द्रमामा नेपालको झण्डा




ऐतिहासिक तस्वीर, हार्दिक धन्यवाद- @USEmbassyNepal नेपाल-अमेरिका मित्रताको दुई ऐतिहासिक क्षण :

१९७३ तत्कालीन राष्ट्रपती निक्सन तथा अमेरिकी जनताको तर्फबाट उपहारस्वरूप तत्कालीन राजा वीरेन्द्र र नेपाली जनताहरूको लागि पठाइएको चन्द्रमाको चट्टानको सानो टुक्रा,

अपोलो १० का अन्तरिक्ष यात्रीहरूले चन्द्रमा पुऱ्याएर फिर्ता ल्याएको सानो नेपाली झन्डा, Earth Resources Technology Satellite ले लिएको ठूलो तस्वीर लगायत हस्तान्तरण गर्नुहुँदै । (इतिहास मेटेर मेटिन्न, छेकेर छेकिन्न ।)

राजा वीरेन्द्रकालमा नेपालको हैसियत अर्कै थियो । नेपालको मान सम्मान धेरै माथि थियो । आज त्यही अमेरिका नेपालमा दिएको सहयोग दुरूपयोग भएको प्रमाणसहित 'ठगी' भन्न थालेको छ । यसैबाट थाहा हुन्छ, लोकतान्त्रिक गणतन्त्र नेपालको हैसियत, शान्ति, समृद्धि र सुशासनको हालत के भइसकेछ ? *- द्धा बिनिता*




# ललितत्रिपुरा सुन्दरी



ललित त्रिपुरसुन्दरीले काशीमा ललिताघाटको निर्माण, पशुपतिनाथको देवल गुठीको स्थापना गरिन् । गोरखामा गोरखकाली गुठी पनि बनाइन् । यिनैले त्रिपुरेश्वरको कालमोचनमा महादेवको विशाल मन्दिर बनाइन् । ज्ञानेश्वर गौचरनमा पनि देवल बनाइन् । साथै यिनले काठमाडौं ललितपुर आवतजावत गर्नका लागि वाग्मतीको पुल हालिन् । यिनैले धरहरा पनि बनाइन् । सुन्धारा बनाउने काम यिनकै हो । यिनका नायबीकालमा मुलुकभित्र र मुलुकबाहिर बनाइएका स्तम्भ, मन्दिर र देवलहरूमा नेपाली भाषामा कोपिएका शिलालेखहरू स्थापित छन् । शिलापत्र राख्ने कार्यमा यी निकै जागरूक थिइन् । यसै पृष्ठभूमिमा यिनको जीवनका सफलताका गुन गाएर सुन्दरानन्दले 'त्रिरत्नसौन्दर्यगाथा'मा यिनलाई एक रत्नका रूपमा जयजयकार गरेका छिन ।

# अमेरिकी नागरिकको अपहरण र फिरौती

मुस्ताङ घुम्न आएकी अमेरिकी नागरिक अपहरण गरेर साढे ४ करोड फिरौती माग गर्ने एक महिला पक्राउ परिन र छानबिन भयो । नुवाकोट बेलकोटगढी नगरपालिका ४ की ३७ वर्षीय सरिता लामा अपहरण र फिरौती प्रकरणमा मुछिइन् ।

सरिता लामालाई केन्द्रीय अनुसन्धान ब्युरो र मकवानपुर प्रहरीको सहयोगमा पक्राउ गरिएको कास्की प्रहरीका प्रमुख एसपी श्यामबाबू ओलियाले जानकारी दिएका थिए । अमेरिकाकी ७० वर्षीया एक महिला साथीहरूसँग मुक्तिनाथ भ्रमणका लागि नेपाल आएकी थिइन् । यसरी अपहरणका घटना सार्वजनिक भएपछि कुटनीतिक बृत्तमा ठूलै तरङ्ग फैलिएको छ ।

ती अमेरिकन महिलासँग लामाको सामान्य चिनजान थियो । अमेरिकन महिलाले नेपालमा रहँदा घुम्ने ठाउँहरूको बारेमा लामाले जानकारी राखिन् र पछ्याइन् । सोही क्रममा पोखराको लेकसाइडस्थित एक होटलमा बसिरहेकी अमेरिकनलाई आफ्नो घरमा लैजान्छु भनेर आकर्षित पारेर घरमा लगेकी थिइन् ।

यसपछि उनले आफ्नो अपहरणको योजना लागू गरिन् । अमेरिकन महिलालाई घर लगिनन्, घर नलगी लुकाएर फिरौती माग्न थालिन् । त्यस घटनाको बारेमा अमेरिकी दूतावासले थाहा पायो र दूतावासले कास्की प्रहरीमा छानबिन र अमेरिकी नागरिकको सुरक्षाका लागि आग्रह गरेको थियो । नेपाल प्रहरी हर्कतमा आयो र कास्की प्रहरीले तुरून्तै अनुसन्धान टोली खटाएर महिलाको उद्धार गर्न सफल भयो ।

समाचारअनुसार एसपी ओलियाका अनुसार लामाले ३ लाख युरो अर्थात् साढे ४ करोड फिरौती मागेकी थिइन् । घटनाबारे दूतावासले प्रहरीमा खबर गर्नासाथ प्रहरी परिचालन भएका थिए । 'अमेरिकी नागरिकसँग सम्पर्क सामान्य रहेछ । नेपाल आएको बेला कहाँ कहाँ घुम्ने भन्ने अभिलेख राखेको र नेपाल आइसकेपछि घरमा लान्छु भनेर पोखराबाट लगेको तर घरमा नलगेको अनुसन्धानले देखायो,' प्रहरीले भने- 'पोखराबाट चितवन हेटौंडा हुँदै पर्सातिर लगेको भेटियो । घटनाको प्रकृतिले उनलाई भारतसम्म लैजाने र फिरौती असूल गर्ने तयारी गरेको देखिन्छ ।'

लामालाई कास्की जिल्ला अदालतबाट अपहरण तथा शरीर बन्धक कसूरमा म्याद थपेर अनुसन्धान थालिएको छ । दूतावासले गम्भीर रूपमा लिएको छ ।

## मौसमी फ्लु रोकथामका उपाय

- बिरामी भएका व्यक्तिसँग भौतिक दुरी कायम राखौं,
- खोक्दा, हाच्छिउँ गर्दा नाक मुख छोपौं,
- पौष्टिक खाना खाऔं, शारीरिक रूपमा सक्रिय बनौं,
- सम्भव भएसम्म बिरामी हुँदा घरमै बसौं,
- बेलाबेलामा साबुन पानीले हात धोऔं वा स्यानिटाइजरको प्रयोग गरौं,
- प्रतिरोधात्मक क्षमता बढाउन योग, ध्यान र ब्यायाम गरौं,
- लक्ष्यण देखिएमा चिकित्सकको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

